सत्यमेव जयते

# प्रारुप राष्ट्रिय शिक्षा नीति २०१९

# सार

## प्रारुप राष्ट्रिय शिक्षा नीतिको लागि समिति

**अध्यक्ष**

के. कस्तुरिरङ्गन, पूर्व अध्यक्ष, इसरो, बेङ्लुरू

**सदस्यहरू**

क. बसुधा कामत, पूर्व कुलपति, एसएनडिटी महिला विश्वविद्यालय, मुम्बई
ख. मञ्जुल भार्गव, आर  ब्रान्डन फ्रड, प्राध्यापक (गणित), प्रिन्सटन विश्वविद्यालय, युएसए
ग. राम शङ्कर कुरिल, भूतपूर्व संस्थापक कुलपति, बाबा साहेब अम्बेडकर सामाजिक विज्ञान विश्वविद्यालय, मध्यप्रदेश
घ. टि वि कट्टिमणि, कुलपति, इन्दिरा गान्धी राष्ट्रिय जनजाति विश्वविद्यालय, अमरकण्टक, मध्य प्रदेश
ङ. कृष्णमोहन त्रिपाठी, शिक्षा निदेशक (माध्यमिक) अनि माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेशका भूतपूर्व अध्यक्ष
च. मजहर आसिफ, प्राध्यापक, फारसी अनि मध्य एसियाली अध्ययन केन्द्र, भाषा, साहित्य अनि संस्कृति अध्ययन केन्द्र, जवाहरलाल नेहरू विश्वविद्यालय, नयाँ दिल्ली
छ. एम के श्रीधर, पूर्व सदस्य सचिव, कर्नाटका शिक्षा आयोग, बेङ्लुरू, कर्नाटका

**सचिव**

ज. सकिला टि सम्सू, विशेष कार्याधिकारी (राष्ट्रिय शिक्षा नीति), उच्च शिक्षा विभाग, मानव संसाधन विकास मन्त्रालय, भारत सरकार, नयाँ दिल्ली

## प्रारुप समितिका सदस्यहरू

क. मञ्जुल भार्गव, आर ब्रान्डन फ्रड, प्राध्यापक गणित, प्रिन्सटन विश्वविद्यालय, युएसए
ख. के रामचन्द्रन, सल्लाहकार, राष्ट्रिय शैक्षणिक योजना अनि प्रशासन संस्थान, नयाँ दिल्ली
ग. अनुराग बेहर, सिइओ, अजिम प्रेमजी फाउन्डेसन अनि कुलपति, अजिम प्रेमजी विश्वविद्यालय, बेङ्लुरू
घ. लिना चन्द्रन वाडिया, अब्जर्बर रिसर्च फाउन्डेसन, मुम्बई

# उद्देश्य

सबैलाई उच्च अनि गुणात्मक शिक्षा दिएर हाम्रो देशलाई निरन्तर एउटा न्यायसङ्गत अनि कालजयी ज्ञान-समाजमा परिवर्तन गर्नालाई प्रत्यक्ष योगदान दिने राष्ट्रिय शिक्षा नीति २०१९ भारत केन्द्रित शिक्षा व्यवस्थाको परिकल्पना गर्दछ।

# नीति अवलोकन-मुख्य बुँदाहरू

## I. स्कुल शिक्षा

क. प्रारम्भिक बाल्यवस्था शिक्षा: नीति प्रारम्भिक वर्षहरूको महत्वमाथि विशेष जोड दिन्छ अनि यसको उद्देश्य २०२५ भित्रमा ३-६ वर्षका सम्पूर्ण नानीहरूका लागि गुणात्मक बाल्यकालको देखरेख अनि शिक्षा सुनिश्चित गर्नु हो। यसमा निकै निवेश र नयाँ पहल गरिएको छ।

ख. बुनियादी साक्षरता अनि सङ्ख्याज्ञान: कक्षा १-५ मा प्रारम्भिक भाषा अनि गणितमाथि विशेष ध्यान दिइने छ। नीतिको उद्देश्य कक्षा ५ अनि त्यसपछिका प्रत्येक विद्यार्थीहरूले २०२५ भित्रमा बुनियादी साक्षरता अनि सङ्ख्याज्ञान प्राप्त गरेको हुनुपर्छ भन्ने सुनिश्चित गर्नु हो।

ग. पाठ्यचर्या अनि शिक्षाशास्त्र: मस्तिष्क विकास अनि ग्रहण सिद्धान्तको आधारमा स्कुल शिक्षा हेतु एउटा नयाँ विकास-उपयुक्त पाठ्यचर्या शैक्षणिक संरचना ५+३+३+४ प्रारुपको आधारमा विकसित गरिएको छ। स्कुलमा व्यावसायिक अनि शैक्षणिक धाराहरूको एकीकरण सँगसँगै विज्ञान, सामाजिक विज्ञान, कला, भाषा, खेल, गणित आदि सबै विषयमा जोड दिइने छ।

घ. सर्वजनीन उपलब्धता: नीतिको उद्देश्य २०३० भित्रमा विभिन्न उपायद्वारा सम्पूर्ण स्कुल शिक्षामा १००% सकल नामाङ्कन अनुपात प्राप्त गर्नु हो।

ङ. समान अनि समावेशी शिक्षा: नीतिले कुनै पनि नानी जन्म वा पृष्ठभूमिको परिस्थितिहरूको कारण शिक्षार्जन अनि उत्कृष्टता प्राप्त गर्नुको लागि व़ञ्चित नहोस् भन्ने कुरालाई सुनिश्चित गर्न धेरै पाइलाहरू चालेको छ। यसमाथि ध्यान केन्द्रित गर्न विशेष शिक्षा क्षेत्रको पनि निर्माण गरिने छ।

च. शिक्षक: शिक्षक एउटा दह्रो पारदर्शी प्रक्रियाबाट नियुक्त गरिने छ, पदोन्नति योग्यता आधारित हुनेछ, बहुस्रोत आवधिक प्रदर्शन मूल्याङ्कन हुनेछ अनि शैक्षिक प्रशासक वा शिक्षक प्रशिक्षक हुनलाई प्रगति-पथ उपलब्ध हुने छ।

छ. स्कुल प्रशासन: स्कुलहरूलाई स्कुल परिसरहरूमा (१०-२० पब्लिक स्कुलहरूको क्लस्टर) मा सङ्गठित गरिने छ। यो शासन अनि प्रशासनको मुख्य एकाइ हुनेछ र यसले सबै संसाधनहरूको उपलब्धता निश्चित गर्नेछ-बुनियादी ढाँचा, शैक्षणिक (जस्तै पुस्तकालय) अनि मानिस ( जस्तै कला अनि सङ्गीत शिक्षक)- अनि एउटा दह्रो इलमी शिक्षक समुदाय पनि गठन गर्ने छ।

ज. स्कुलहरूको व्यावस्थापन: रुचिहरूको परस्पर भिडन्तलाई साम्य पार्नु बेग्ला-बेग्लै निकायहरूद्वारा स्कुलहरूको व्यवस्थापन अनि सञ्चालन गरिने छ। नीति-निर्माण, व्यवस्थापन, सञ्चालन अनि शैक्षणिक मामलाहरूको निमित्त स्पष्ट रुपमा बेग्ला-बेग्लै व्यवस्थाहरू हुने छ।

## II. उच्च शिक्षा

क. नयाँ प्रारुप: एकदमै व्यवस्थित, जीवन्त, बहुविषयक संस्थानहरूसँग मिलेर उच्च शिक्षाको लागि एउटा नयाँ उद्देश्य र प्रारुपको परिकल्पना गरिएको छ। अहिलेका ८०० विश्वविद्यालय अनि ४०,००० महाविद्यालयहरूलाई लगभग १५,००० उत्कृष्ट संस्थानमा सङ्गठित गरिने छ।

ख. उदार शिक्षा: स्नातक स्तरमा विज्ञान, कला, मानविकी, गणित अनि रोजगारमूलक क्षेत्रहरूलाई एकीकृत गरी प्रोत्साहन दिनका निम्ति एउटा व्यापक आधारको रुपमा उदार कला शिक्षालाई राखिने छ। यसमा कल्पनाशील अनि सहज पाठ्य संरचना, अध्ययनको रचनात्मक संयोजन, व्यावसायिक शिक्षाको एकीकरण अनि धेरै प्रवेश/ निकासका बिन्दुहरू रहनेछन्।

ग. सञ्चालन: शैक्षणिक, प्रशासनिक अनि वित्तीय स्वायत्ततामाथि नै संस्थागत शासन आधारित हुने छ। प्रत्येक उच्च शिक्षा संस्थान एउटा स्वतन्त्र बोर्डद्वारा सञ्चालित हुनेछ।

घ. व्यावस्थापन: वित्तीय सत्यनिष्ठा अनि जन-उत्साहलाई सुनिश्चित गर्न हेतु व्यावस्थापन " लाइट बट टाइट " हुने छ। रुचिहरूको भिडन्तलाई निर्मूल पार्न मानक व्यवस्था, वित्तपोषण, प्रत्यायन अनि व्यावस्थापनको सञ्चालन स्वतन्त्र निकायहरूद्वारा गरिने छ।

## III. शिक्षक शिक्षा

शिक्षक तयारी कार्यक्रम निकै कठीन हुने छ अनि जीवन्त, बहुविषयक उच्च शिक्षा संस्थाहरूमा नै सो कार्यक्रम हुने छ। बहुविषयक संस्थानहरूद्वारा प्रदान गरिने चार वर्षीय एकीकृत चरण-विशिष्ट, विषय-विशिष्ट बिएड (ब्याचलर अफ एजुकेसन) नै एकजना शिक्षक हुने मुख्य प्रणाली हुने छ। निम्न स्तरका अनि प्रयोजनविहीन शिक्षक शिक्षण संस्थानहरू बन्द गरिने छ।

## IV. रोजगारमूलक शिक्षा

सम्पूर्ण रोजगारमूलक शिक्षा उच्च शिक्षा व्यवस्थाकै एउटा अभिन्न अङ्ग हुने छ। स्टान्ड-अलोन तक्निकी विश्वविद्यालयहरू, स्वास्थ्य विज्ञान विश्वविद्यालयहरू, कानुनी अनि कृषि विश्वविद्यालयहरू अनि यस क्षेत्रका वा अन्य क्षेत्रका संस्थानहरूलाई बन्द गरिने छ।

## V. व्यावसायिक शिक्षा

यो सम्पूर्ण शिक्षाको एउटा अभिन्न अङ्ग हुने छ- यस नीतिको उद्देश्य २०२५ भित्रमा सबै शिक्षार्थीमध्ये लगभग ५०% को लागि व्यावसायिक शिक्षा उपलब्ध गराउनु हो।

## VI. राष्ट्रिय अनुसन्धान संस्थान

देशभरि नै अनुसन्धान अनि नवोन्मेषलाई उत्प्रेरित र विस्तारित गर्नाका निमित्त एउटा नयाँ एकाइको स्थापना गरिने छ।

## VII. शिक्षामा प्रद्यौगिकी

यस नीतिको लक्ष्य कक्षा प्रक्रियालाई सुदृढ बनाउने, शिक्षकको पेशागत विकासलाई विकसित बनाउने, वञ्चित समूहहरूको लागि शैक्षिक पहुँच बढाउने अनि शैक्षिक योजना, प्रशासन र प्रबन्धनलाई सार्थक वनाउनलाई शिक्षाका सबै स्तरहरूमा प्रद्यौगिकीलाई दह्रो पार्नु हो।

## VIII. प्रौढ शिक्षा

यस नीतिको लक्ष्य २०३० भित्रमा १००% युवा अनि प्रौढ साक्षरता प्राप्त गर्नु हो।

## IX. भारतीय भाषाहरूलाई प्रोत्साहन

यस नीतिले सबै भारतीय भाषाहरूको संरक्षण, विकास अनि श्रीवृद्धिलाई सुनिश्चित गर्ने छ।

## X. शिक्षाको वित्तपोषण

सार्वजनिक शिक्षाको विस्तार एवं यसलाई महत्त्वपूर्ण बनाउन यथेष्ट सार्वजनिक निवेश हुने छ।

## XI. राष्ट्रिय शिक्षा आयोग

प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय शिक्षा आयोग वा नेसनल एजुकेसन कमिसनको गठन हुनेछ- यो आयोग नै भारतमा शिक्षाको दृष्टिकोणको संरक्षक पनि हुने छ।

# नीति विवरण-मुख्य बुँदाहरू

# स्कुल शिक्षा

## १. प्रारम्भिक बाल्यावस्था हेरचाह अनि शिक्षालाई दह्रो पार्नु

**उद्देश्य:** वर्ष २०२५ भित्र ३-६ वर्षका प्रत्येक नानीहरूलाई नि:शुल्क, सुरक्षित, उच्च गुणात्मक विकासात्मक स्तरअनुरुप हेरचाह अनि शिक्षा प्राप्त होस्।

नीति प्रारम्भिक बाल्यावस्था शिक्षाको महत्त्व अनि एकजना व्यक्तिको लागि जीवनपर्यन्त यसको लाभहरूको दीर्घतामाथि जोड दिदछ।

क. बाल्यावस्था शिक्षाको निम्ति महत्त्वपूर्ण विस्तार अनि सुविधाहरूको सशक्तिकरण स्थानीय आवश्यकता, भूगोल अनि विद्यमान बुनियादी ढाँचामा एउटा बहुआयामिक दृष्टिकोणको माध्यमबाट हुने छ।

ख. सामाजिक-आर्थिक रुपमा पछौटे जिल्लाहरू, स्थानहरूमाथि विशेष ध्यान अनि प्राथमिकता दिइने छ। गुणवत्ता अनि त्यसको प्रतिफलहरूको उपयुक्त हेरचाहको लागि प्रक्रियाहरू स्थापित गरिने छ।

ग. बाल्यावस्था शिक्षामाथि शिक्षकहरू अनि अभिभावक दुवैका लागि एउटा पाठ्यचर्यात्मक र शिक्षाशास्त्रीय रुपरेखा विकसित गरिने छ। उक्त रुपरेखामा ०-३ वर्षका नानीहरूको निम्ति उपयुक्त संज्ञानात्मक उत्प्रेरणा अनि ३-८ वर्षका नानीहरूको लागि शैक्षणिक दिशानिर्देश अन्तर्भुक्त हुने छ।

घ. शिक्षार्थीअनुकूल वातावरणको निर्माण अनि चरण-विशिष्ट प्रशिक्षण, परामर्श र निरन्तर पेशागत विकास अनि करियर मानचित्रका अवसरहरूको माध्यमबाट प्रारम्भिक बाल्यावस्था शिक्षाको निमित्त उच्च गुणवत्ता भएका शिक्षकहरूको व्यावसायीकरणको पनि कार्य सुरु गरिने छ।

ङ. प्रारम्भिक बाल्यावस्था शिक्षा सम्पूर्ण रुपमा **शिक्षा मन्त्रालयको** परिधिमा रहनेछ ( अहिलेको मानव संसाधन विकास मन्त्रालयको नाउ परिवर्तन गरिने छ), प्रारम्भिक वाल्यावस्था शिक्षालाई अन्य स्कुल शिक्षासँग जोडिने छ- २०१९ भित्रमा शिक्षा, महिला अनि बाल विकास, र स्वास्थ्य अनि परिवार कल्याण मन्त्रालयहरूको संयुक्त प्रयासमा एउटा पारगमन योजना तयार पारिने छ।

च. आज्ञापालन सुनिश्चित गर्न सम्पूर्ण प्रि-स्कुल शिक्षा (निजी, सर्वजनिक अनि परोपकारी)-लाई अटाउनका लागि एउटा प्रभावशाली गुणात्मक व्यावस्थापन वा प्रत्यायन व्यवस्था स्थापित हुने छ।

छ. आफ्ना नानीहरूको पढाईमा सक्रिय भाग लिनका लागि अभिभावकहरू व्यापक रुपमा प्रसार हुने जानकारी अनि सूचनाको माध्यमबाट सम्बन्धित हितधारकहरूलाई माग गर्नेछन्।

ज. ३ देखि ६ वर्षसम्मका नानीहरूलाई निशुल्क अनि अनिवार्य गुणात्मक शिक्षा उपलब्ध सुनिश्चित गर्न **शिक्षाको अधिनियम २००९** लाई अझ विस्तार गरिने छ।

## २. सबै नानीहरूको बुनियादी साक्षरता अनि सङ्ख्याज्ञान सुनिश्चित गर्नु

**उद्देश्य:** २०२५ भित्रमा कक्षा ५ अनि उताका प्रत्येक विद्यार्थीलाई बुनियादी साक्षरता अनि सङ्ख्याज्ञान प्राप्त होस्।

यस नीतिले भाषा अनि गणितको पठनपाठनमा आइपर्ने अड्चनलाई स्वीकार गर्दछ अनि यसलाई सर्वोच्च प्राथमिकता दिदछ।

क. विद्यार्जन र पोषणमाझ गहिरो सम्बन्ध छ। **मध्याह्न भोजन** कार्यक्रमलाई अझ विस्तार गरिने छ- पूर्व-प्राथमिक अनि प्राथमिक विद्यालयका विद्यार्थीहरूलाई पौष्टिक बिहानको खाजा अनि मध्याह्न भोजन दुवै प्रदान गरिने छ। यस कार्यक्रमको व्ययलाई पस्किएको भोजनको गुणवत्ता सुनिश्चित गर्नलाई खाद्य लगानी अनि मुद्रास्फितीसँग जोडिने छ।

ख. कक्षा १-५ मा बुनियादी साक्षरता अनि सङ्ख्याज्ञानमाथि अधिक ध्यान दिँदै अनुकूलित मूल्याङ्कन अनि गुणात्मक सामग्रीको उपलब्धताबारे एउटा बलियो व्यवस्थामाथि बल दिइने छ। राष्ट्रिय शिक्षक पोर्टलमा भाषा अनि गणितसम्बन्धी संसाधनहरूको एउटा राष्ट्रिय भण्डार उपलब्ध हुने छ।

ग. शिक्षकहरूको सहयोगका लागि प्रविधि हस्तक्षेपको सञ्चालन गरिने छ यसको सँगसँगै पठन र सम्प्रेषणको संस्कार वृद्धि गर्नका लागि सार्वजनिक र स्कुल पुस्ताकालयहरूको विस्तार गरिने छ।

घ. ग्रेड १ का सबै विद्यार्थीहरू तीन महिने स्कुल तयारी ढाँचाबाट पार हुनेछन्।

ङ. बुनियादी साक्षरता अनि सङ्ख्याज्ञनमाथि नयाँ प्रकारले जोड दिन शिक्षक शिक्षालाई फेरि नयाँ ढाँचामा ल्याइने छ।

च. **नेसनल ट्युटर प्रोग्राम** ( जसमा तुल्य ट्युटर सामेल होस्) अनि **एउटा प्रतिकारात्मक अनुदेशीय सहायक कार्यक्रम ( रेमेडियल इन्स्ट्रक्सनल एड्स प्रोग्राम)** ( समुदायबाट इन्स्ट्रक्टर लिँदै) सुरु गरिने छ।

छ. प्रत्येक स्कुलमा ३०:१ गरी विद्यार्थी-शिक्षक अनुपात सुनिश्चित गरिने छ।

ज. सामाजिक कार्यकर्ता अनि परामर्शदाता सबै नानीहरूको थमौती( रिटेन्सन) अनि मानसिक स्वास्थ्यलाई सुनिश्चित गर्नमा सहयोग गर्नेछन्, अभिभावकको भागीदारी अनि स्थानीय समुदाय र स्वयंसेवकहरूको एकजुटलाई सशक्त पारी बुनियादी साक्षरता अनि सङ्ख्याज्ञानसँग सम्बन्धित नीतिगत लक्ष्यलाई पुरा गर्न सुनिश्चित गरिने छ।

## ३. शिक्षाको सबै स्तरमा सार्वभौमिक पहुँच अनि ठहराव (रिटेन्सन) निश्चित गर्नु

**उद्देश्य:** २०३० भित्रमा ३-१८ वर्ष आयु समूहका सबै नानीहरूलाई नि:शुल्क अनि अनिवार्य गुणात्मक स्कुल शिक्षा पुर्याउनु अनि उनीहरूको भागीदारी प्राप्त गर्नु।

नामाङ्कनमा देखिएको प्रगतिलाई ध्यानमा राख्तै , यो नीतिले स्कुलमा नानीहरूको उपस्थितिलाई बनाइ राख्नमा हाम्रो असमर्थतामाथि चिन्ता प्रकट गर्दछ।

**क.** विभिन्न उपायहरूको माध्यमबाट २०३० भित्रमा पूर्व-विद्यालय( प्रि-स्कुल) देखि माध्यमिकसम्म १००% सकल नामाङ्कन अनुपात प्राप्त गर्नु छ।

**ख.** वर्तमान स्कुलहरूको प्रवेश क्षमता बढाएर पहुँच अन्तराललाई साम्य पारिने छ, सबै विद्यार्थीहरूलाई ध्यानमा राखी अझ विशेष गरी छात्राहरूको सुरक्षालाई ध्यानमा राखी परिवहन र छात्रावासको सुविधा विचार गरी प्रदत्त/ अप्रदत्त क्षेत्रहरूमा नयाँ सुविधाहरूको मार्ग प्रशस्त गरिने छ।

**ग.** नामाङ्किकत नानीहरूको उपस्थिति र पठनपाठनको उपलब्धिलाई दृष्टिपात गर्दै ड्रप-आउट र स्कुल बाहिरका नानीहरूलाई शिक्षक, सामाजिक कार्यकर्ता अनि परामर्शदाताद्वारा नजर राख्दै अनि स्कुलदेखि बाहिरिएका किशोरहरूको दीर्घकालिक कार्यक्रमको माध्यमबाट सबै नानीहरूको पठनपाठन र सहभागिता निश्चित गरिने छ। मुक्त र दूर शिक्षा अनि प्राविधिक धरातललाई बलियो तुल्याएपछि औपचारिक र अनपौचारिक रुपमा विद्या आर्जनको बाटो फराकिलो हुने छ।

**घ.** स्वास्थ्यको कारण विद्यार्थीहरू आफ्नो कक्षामा उपस्थित हुन नसकेको कुरामा यथाशीघ्र ती विद्यार्थीहरूलाई स्कुल ल्याउन सुनिश्चित गर्ने उपायहरूमा स्कुलहरूमा स्वस्थ्य कार्मीहरूलाई काममा राख्नु, छात्र छात्रा,अभिभावक तथा व्यापक मात्रमा समुदायमाझ जनचेतना विकास गर्नुको सँगसँगै उनीहरूलाई उपयुक्त सेवाद्वारा जोड्नु अनिवार्य छ।

**ङ.** **शिक्षाको अधिकार अधिनियम**को आवश्यकताहरूलाई सुरक्षा (शारीरिक अनि मनोवैज्ञानिक), उपलब्धता अनि समावेश, स्कुलहरूको गैरलाभकारी प्रकृति र विद्यार्जनको प्रतिफलहरूको लागि न्यूनतम मानकलाई निश्चित गर्दै धेरै कम मात्रमा प्रतिवन्धात्मक बनाइने छ। यसो गर्नाले सरकारी अनि गैर-सरकारी सङ्गठनहरूको निमित्त स्कुल सुरू गर्नु सहज हुँदछ भने यसले स्थानीय विविधताहरू अनि वैकल्पिक ढाँचाहरूलाई पनि अनुमति प्रदान गर्दछ।

**च.** **शिक्षाको अधिकार अधिनियमलाई** पूर्व-विद्यालय( प्रि-स्कुल) देखि कक्षा 12 सम्म नि:शुल्क अनि अनिवार्य शिक्षा उपलब्ध गराउनुको लागि विस्तार गरिने छ।

## ४. स्कुल शिक्षाको निम्ति नयाँ पाठ्यचार्यात्मक अनि शिक्षाशास्त्रीय संरचना

**उद्देश्य:** धोकन्ते विद्यालाई कम गर्नु र यसको विपरित समग्र विकास तथा एकाईसौँ शताब्दीको कौशल जस्तै- आलोचनात्मक चिन्तन, सृजनशीलता, वैज्ञानिक दृष्टिकोण, सञ्चार, सहयोग, बहुभाषिकता, समस्या समाधान, नैतिकता, सामाजिक जिम्मेवारी अनि डिजिटल साक्षरतालाई प्रोत्साहन दिनलाई पाठ्यचर्या अनि शिक्षाशास्त्रलाई २०२२ भित्रमा परिवर्तन गरिने छ।

विद्यार्थीहरूलाई उनीहरूको पठनपाठनको विभिन्न चरणमा विकासात्मक आवश्यकताहरू र हितको लागि स्कुल शिक्षाको पाठ्यचर्यात्मक अनि शिक्षाशास्त्रीय संचरनालाई उत्तरदायी अनि प्रासङ्गिक बनाउन पुनर्गठित गरिने छ।

क. त्यसैले स्कुल शिक्षाको पाठ्यचर्यात्मक अनि शिक्षाशास्त्रीय रुपरेखालाई ५+३+३+४ को ढाँचामा निर्माण गरिने छ।
  - फाउन्डेसन चरण (आयु ३-८ वर्ष): तीव्र मस्तिष्क विकास; खेल अनि सक्रिय खोजको आधारमा विद्यार्जन गर्नु।
  - प्रिपेरिटोरी चरण (८-११ वर्ष): खेल अनि खोजमा आधारित; संरचित विद्यार्जन सुरू गर्नु
  - मध्य चरण (११-१४ वर्ष): विषयहरूमा सङकल्पना सिक्नु; किशोरावस्थालाई बुझ्नु
  - माध्यमिक चरण (१४-१८ वर्ष): जीविकोपार्जन अनि उच्च शिक्षाको तयारी; युवा प्रौढतातिर पारगमन

ख. माध्यमिक चरणमा चार वर्षीय बहुविषयक अध्ययन अन्तर्भुक्त हुने छ। यसको सँगसँगै विद्यार्थीहरूको रुचिअनुसार विषय गहनता, आलोचनात्मक चिन्तन र जीवनका महत्त्वकांक्षाहरूमा बल दिइने छ।

ग. पूर्ण सक्षम विद्यार्थीहरू तयार गर्नका लागि स्कुल शिक्षाको सामग्री अनि प्रक्रियालाई फेरि तयार गरिने छ। महत्त्वपूर्ण सङ्कल्पनाहरू र आवश्यक विचारअनुरुप पाठ्यचर्या अधिभार घटाइने छ, यसो गर्नाले गहन र अधिक अनुभवात्मक अधिगमको बाटो सुगम हुनेछ।

घ. सबै विद्यार्थीहरूलाई भाषामा प्रवीणता, वैज्ञानिक दृष्टिकोण, सौन्दर्यबोध अनि कलाको भावना, सम्प्रेषण, नैतिक तर्क, डिजिटल साक्षरता, भारतको ज्ञान अनि स्थानीय समुदायहरू, देश र दुनियाको सम्मुखिन हुने जटिल मुद्दाहरूको ज्ञान विकसित गराउनका लागि प्रेरित गरिने छ।

ङ. **एउटा सजिलो पाठ्यचर्या-** पाठ्यचर्या, सह-पाठ्यचर्या वा पाठ्येतर क्षेत्रहरू; कला अनि विज्ञान, व्यावसायिक अनि शैक्षिक विषयधाराहरूलाई अलग नगरी माध्यमिक स्तरमा विषय क्षेत्रहरूलाई परिवर्तन गर्न सकिने सम्भावना सँगसँगै विद्यार्थीका रुचिलाई सक्षम बनाउने छ।

च. आवश्यकताअनुरुप कक्षा ५ सम्म र उता कमसेकम ८ कक्षासम्म एउटा सहज (दुई भाषे) भाषा दृष्टिकोणसँग शिक्षा स्थानीय भाषा/ मातृभाषामा हुनेछ।

छ. आवश्यकता र व्यवहारलाई ध्यानमा राखी उच्च गुणात्मक पाठ्य पुस्तकहरूलाई स्थानीय भाषाहरूमा उपलब्ध गराइने छ अनि दिव्याङ्ग विद्यार्थीहरूको निम्ति सामग्री विकसित गरिने प्रकल्प रहेको छ।

ज. सम्पूर्ण देशभरि सौहार्दपूर्वक त्रयभाषा सूत्र लागू गरिने छ;भाषा शिक्षकहरूको विकास अनि भर्नाको लागि विशेष उपाय गरिने छ।

झ. व्यावसायिक कौशल अनि कक्षा ६-८ मा शिल्प कौशलमाथि एक वर्षीय सर्वेक्षण पाठ्यक्रम लिने सबै विद्यार्थीहरूलाई चाडै व्यावसायिक अवसर पनि सुरु हुने छ। कक्षा ९-१२ मा नानीहरूसँग 'मिक्स एन्ड म्याच ' को विकल्पसँगै  पारम्परिक शैक्षणिक पाठ्यक्रमको साथसाथै व्यावसायिक पाठ्यक्रम लिने सुविधा प्राप्त हुने छ।

ञ. राष्ट्रिय पाठ्यचर्याको रुपरेखालाई २०२० को अन्तसम्ममा पुन: रीक्षित अनि संशोधित बनाइने छ साथै सबै क्षेत्रीय भाषामा पनि उपलब्ध गराइने छ। नयाँ पाठ्य पुस्तकहरूको निर्माण गरिने छ भने उच्च गुणवत्तायुक्त अनुवाद पनि गरिने छ।

ट. विद्यार्थीको विकासलाई समर्थन गर्नका लागि मूल्याङ्कनमा केही फेरबदल गरिने छ। सबै परीक्षाहरू (बोर्ड परीक्षाहरूसहित)-ले उच्च स्तरीय क्षमताहरूसँगै  सङकल्पनाहरू अनि कौशलको परीक्षण गर्ने छ। २०२५ भित्रमा माध्यमिक स्तर अनि त्यसभन्दा माथिको मूल्याङ्कन अनुकूलित कम्प्युटरीकृत परीक्षणको माध्यमबाट हुने छ। वर्ष २०२०/२०२१ पछि स्वायत्त राष्ट्रिय परीक्षण एजेन्सीले विभिन्न विषयहरूमा अभिरुचि परीक्षण (एप्टिट्युड टेस्ट) अनि परीक्षणको प्रबन्धन गर्ने छ, यसो हुनाले वर्षभरिमा एकाधिक अवसरहरूमा भाग लिन सुगम हुने छ।

ठ. स्कुलदेखि लिएर जिल्ला स्तर, आवासीय ग्रीष्मकालीन कार्यक्रमहरू अनि ओलम्पियाड तथा प्रतियोगिताहरूमा विषय-केन्द्रित अनि परियोजना आधारित क्लबहरूको माध्यमबाट विलक्षण प्रतिभाहरू अनि रुचिहरूलाई चिन्हित गरेर प्रोत्साहित गरिने छ।

## ५. शिक्षक- परिवर्तनका पथप्रदर्शक

**उद्देश्य:** स्कुल शिक्षाका सबै स्तरहरूमा सबै विद्यार्थीहरूको शिक्षण उत्साहित, प्रेरित, उच्च योग्यताप्राप्त, पेशागत रुपमा प्रशिक्षित अनि निपुण शिक्षकहरूद्वारा सिकाइएको होस्।

यस नीतिले शिक्षकहरूलाई ‘ हाम्रा समाजका सबैभन्दा महत्त्वपूर्ण सदस्यहरू अनि परिवर्तनका पथप्रदर्शकहरू ’ को रुपमा परिकल्पना गर्दछ। शिक्षकको गुणवत्तामा नै शिक्षालाई अघि बढाउने कुनै पनि प्रयासको सफलता निर्भर हुन्छ।

**क.** चार वर्षीय एकीकृत बिएड पाठ्यक्रम पुरा गर्नुको लागि सुविधाविहीन, ग्रामीण वा जनजातीय क्षेत्रहरूको प्रतिभावान विद्यार्थीहरूलाई सक्षम बनाउन हेतु योग्यता-आधारित छात्रवृत्तिको स्थापना हुने छ। कतिपय मामलामा उनीहरूको क्षेत्रमा रोजगारको पनि व्यवस्था हुने छ। छात्राहरूलाई विशेष रुपमा लक्ष्य गरिने छ।

**ख.** एउटा सशक्त प्रक्रियाको माध्यमबाट सबै स्कुलहरूमा आवश्यकता अनुरुप शिक्षकहरूको भर्ना गरिने छ। यसमा पनि विविधतालाई सुनिश्चित गर्नाका लागि स्थानीय शिक्षक अनि स्थानीय भाषामा प्रवीण शिक्षकहरूलाई प्राथमिकता दिइने छ। शिक्षक नियुक्तिको पहिलो चरणमा नयाँ ढाँचाको शिक्षक पात्रता परीक्षा हुने छ, त्यसपछि साक्षात्कार अनि शिक्षण प्रदर्शन हुने छ। शिक्षकहरूलाई वर्तमानमा कैयौँ राज्यहरूले गरे जस्तै जिल्लाहरूमा नियुक्ति गरिने छ र एउटा स्कुल परिसरमा नियुक्ति गरिने छ भने आदर्श रुपमा पारदर्शी प्रौद्यौगिकी-आधारित प्रणालीको माध्यमबाट एउटा निश्चित कार्यकाल अनि पूर्णरुपमा नियम-आधारित स्थानान्तरण हुने छ। उनीहरूलाई ग्रामीण क्षेत्रहरूमा पढाउनका लागि प्रोत्साहित गरिने छ।

**ग.** शिक्षक (अयोग्य, अनुबन्धित शिक्षकहरू)- को प्रथालाई २०२२ सम्ममा सम्पूर्ण देशभरि नै बन्द गरिने छ।

**घ.** सतत शिक्षक पेशागत विकास एकदमै खुकुलो अनि कुनै मड्युलयुक्त दष्टिकोणमा आधारित  हुने छ, यसको माध्यमबाट शिक्षकहरूले के कुरा सिक्न चाहन्छन् अनि कसरी सिक्न चाहन्छन् सो रोज्न सक्नेछन्। यसमा सुरुका शिक्षकहरूलाई समावेश गराउनेतर्फ ध्यान दिइने छ साथै यसमा परामर्श प्रक्रियाहरू पनि स्थापित गरिने छ। रुचिअनुरुपको पेशागत विकासलाई सक्षम बनाउने अनि प्रत्येक शिक्षकको पेशागत प्रक्षेप पथलाई देखरेख गर्नका निम्ति एउटा प्रद्यौगिकी-आधारित प्रणालीलाई आत्मसात गरिने छ। पाठ्यचर्याको कुनै केन्द्रिय निर्धारण, कुनै कास्केक मडल प्रशिक्षण अनि कुनै कठोर मानक हुने छैन। यी कार्यक्रमहरूलाई क्रियान्वित गर्नलाई संसाधन व्यक्तिहरूलाई सचेततापूर्वक छनौट गरिने छ, प्रभावी ढङ्गमा प्रशिक्षित गराइने छ अनि उनीहरूलाई यथेष्ट कार्यकाल प्रदान गरिने छ।

**ङ.** शिक्षकहरूको कामलाई सुविधाजनक बनाउनलाई वाञ्छित छात्र-शिक्षक अनुपात सँगसँगै प्रशस्त भौतिक बुनियादी ढाँचा, सुविधाहरू अनि सिक्ने संसाधनहरू सुनिश्चित गरिने छ। सबै विद्यार्थीहरू सिकुन् भन्ने कुरालाई निश्चित गर्न शिक्षकहरूको सहायतार्थ सबै स्तरका रेमिडियल कार्यक्राम सञ्चालन गरिने छ।

च. सबै शिक्षकहरू स्कुलको समयमा (जस्तै  मध्याह्न भोजन पकाउनु, स्कुलको आपूर्तिको खरिददारी आदि) गैरशिक्षण गतिविधिको रुपमा कुनै अड्चनबिना पढाउन सक्ने सक्षम हुनुपर्छ। यस्तो भएन भने कुनै कारणबिना स्कुलमा अनुपस्थित रहेको वा स्वीकृत छुट्टीमा नभएको नरहेकोमा जवाबदेही ठहराइने छ।

छ. प्रत्येक मुख्य शिक्षक अनि स्कुलका प्रधानाचार्य स्कुलको उत्तरोतर विकास प्रक्रियाहरू अनि स्कुल सार्थक संस्कृतिको निर्माणार्थ जिम्मेवार हुने छन्। स्कुल प्रबन्धन समितिलाई संवेदनशील बनाइने छ र स्कुल शिक्षा निदेशालयका अधिकारी यस प्रकारको संस्कृतिको समर्थन गर्नालाई आफ्नो कामकुरोमा पुन: विचार गर्ने छन्।

ज. सबै विद्यार्थीहरू सम्मिलित होउन् भन्ने कुरालाई सुनिश्चित गर्न शिक्षक अनि प्रशिक्षकहरूको लागि उच्च गुणात्मक सामग्री भारतीय भाषाहरूमा उपलब्ध गराइने छ।

झ. वर्तमानमा चलिरहेका सबै शैक्षिक सहायता संस्थानहरूलाई नवीन ढाँचामा ल्याउनका लागि सावधानीपूर्वक योजनाको सँगसँगै शैक्षिक सहायता प्रदान गर्ने  संस्थानहरूको पुनर्निर्माणलाई प्राथमिकता दिइने छ।

ञ. सबै शिक्षकहरू न्युनतम शिक्षण वर्षहरूको अनुभवपछि शैक्षिक प्रशासन वा शिक्षक शिक्षातिर प्रवेश गर्न सक्ने छन्। दीर्घावधि, सबै शैक्षिक प्रशासनिक पदहरूलाई प्रशासनमा रुचि राख्ने प्रतिभावान् शिक्षकहरूको लागि आरक्षित गरिने छ।

## ६. देशमा प्रत्येक नानीको निम्ति समान अनि समावेशी शिक्षा

यस नीतिको उद्देश्य कुनै पनि नानी जन्म वा पृष्ठभूमिको परिस्थितिको कारण सिक्ने र उत्कृष्टता प्राप्त गर्नबाट वञ्चित नहोस् र देशका सबै नानीहरू लाभान्वित हुन सकुन्, त्यस्तो व्यवस्था तयार पार्नु हो।

**उद्देश्य:** सबै नानीहरूले विद्यार्जन गर्न पाउने र सफल हुने समान अवसर पाउने एउटा समावेशी र समान शिक्षा व्यवस्था स्थापित गर्नु जसको कारण २०३० सम्ममा सबै लैङ्गिक अनि सामाजिक वर्गहरूको शिक्षामा भागीदारी होस् अनि विद्यार्जन प्रतिफलहरूको स्तरमा समानता होस्।

क. प्रारम्भिक बाल्यावस्था शिक्षा, बुनियादी साक्षरता अनि सङ्ख्याज्ञान, स्कुलसम्म पहुँच, नामाङ्कन अनि उपस्थितिसँग सम्बन्धित नीतिगत निर्णयलाई कम प्रतिनिधित्व भएको समूहहरूको विद्यार्थीका लागि लक्षित गरिने छ।

ख. देशभरि नै सुविधादेखि वञ्चित क्षेत्रहरूमा विशेष शिक्षा क्षेत्र स्थापित हुने छ। ती क्षेत्रहरूको स्पष्ट सामाजिक विकास अनि सामाजिक-आर्थिक सङ्केतहरूको आधारमा क्षेत्रहरू घोषणा गर्न राज्यहरूलाई उत्साहित गरिने छ अनि केन्द्र सरकारले राज्यद्वारा व्याय गरिएको प्रत्येक रुपियाँको लागि २:१ को अनुपातमा वित्तीय सहायता दिने छ। यसो गर्नुको मूल विचार के हुने छ भने केन्द्र र राज्यहरूद्वारा सघन संयुक्त देखरेखसँग यी क्षेत्रहरूमा त्यही काम गरिने छ जुन कुरा अल्प-प्रतिनिधित्व भएको समूहहरूको लागि यस नीतिमा उल्लेख गरिएको छ।

ग. केही योजना बनाइएको छ जस्तै- शिक्षकहरूलाई लगातार संवेदनशील बनाउँदै उनीहरूको क्षमतलाई विकास गर्नु, शैक्षिक रुपमा अल्प प्रतिनिधित्व भएको समूहहरूबाट शिक्षकहरूको नियुक्ति गर्न वैकल्पिक बाटो खोज्नु, शैक्षिक रुपमा अल्प प्रतिनिधित्व समूहहरूका शिक्षार्थीहरूको उच्च अनुपातसँग स्कुलहरूमा विद्यार्थी-शिक्षक अनुपातलाई २५:१ सम्म सीमित गर्नु, स्कुलहरूमा तन्त्रको स्थापना गरेर समावेशी वातावरण निर्माण गर्नु, उत्पीडन धम्की अनि लिङ्ग आधारित हिंसालाई निर्मूल पार्न र समावेशी बनाउन पाठ्यचर्यालाई संशोधन गर्नु।

घ. केन्द्रिय शैक्षिक साङ्ख्यकी विभागद्वारा तयार पारिएको डेटा विश्लेषणसँगै प्रत्येक विद्यार्थीका निम्ति अद्यातन जानकारीलाई पनि शैक्षिक डेटाको राष्ट्रिय भण्डारमा राखिने छ।

ङ. यस नीतिले विशेष गरी अल्प प्रतिनिधित्व समूहहरूका विद्यार्थीहरूलाई छात्रवृत्ति, विकासशील संसाधन अनि सुविधाहरू प्रदान गर्नलाई बनाइएको एउटा राष्ट्रिय कोषको माध्यमबाट विशिष्ट विद्यार्थीहरूलाई वित्तीय सहयोग प्रदान गर्दछ भने लक्षित वित्तपोषण र जिल्लाहरू र संस्थानहरूको समावेश अनि उपलब्धताको पनि समर्थन गर्दछ। समर्थनको वैकल्पिक साधनहरूमा नेसनल ट्युटर्स प्रोग्राम अनि रेमेडियल शिक्षा सहायिकी कार्यक्रममा भर्ना, मध्याह्न भोजनको अतिरिक्त बिहानको खाजा अनि विशेष गरी इन्टर्नसिपको अवसर अन्तर्भुक्त छ। समावेशी शिक्षामाथि अनुसन्धान गर्नलाई वित्त सहायता पनि प्रदान गरिने छ।

च. स्कुलका शिक्षकहरू अनि विद्यार्थीहरू बिचको लैङ्गिक असन्तुलनलाई निमिट्यान्न पार्न महिलाहरूको भागीदारी अनि बालिका शिक्षा, आदिवासी, जाति अनि धर्म आधारित समूहहरूलाई शिक्षा दिनु कारण यो निश्चित हुन सकोस् कि यी सबै समुदायहरूको नानीहरूलाई उनीहरूको लागि निर्धारित सबै लाभ प्राप्त होस्, सहरी गरिब क्षेत्रमा जीवनलाई दिशा दिन सहरी गरिब परिवारहरूको नानीहरूलाई शिक्षा अनि विशेष आवश्यकता भएका नानीहरूको शिक्षा सँगसँगै ट्रान्सजेन्डर नानीहरूको बुनियादी स्तरदेखि कक्षा १२ सम्म छिमेकी स्कुलहरूमा मूलधाराका नानीहरूसँग सतत अनि नवीकृत फोकस। यस नीतिमा अन्य उदाहरणात्मक हस्तक्षेप पनि छन्।

## ७. स्कुल परिसरका माध्यमबाट स्कुले शिक्षामा गभर्नेन्स(शासन)

**उद्देश्य :** स्कुलहरूलाई स्कुल परिसरको रूप दिनु जसले गर्दा संसाधनहरूको साझा उपयोग सुगम होस् अनि स्कुलको शासन अधिक स्थानीय, प्रभावी र कुशल बनोस्।

स्कुल परिसरहरूको स्थापनाबाट वर्तमानमा सार्वजनिक(पब्लिक) स्कुल र विशेष गरेर साना स्कुलहरूले सामना गर्न परिरहेको संसाधनहरूको कमी जस्ता थुप्रै समस्याहरूलाई कम गर्नमा सहायता मिल्ने छ। थुप्रै पब्लिक स्कुलहरूलाई एउटै सङ्गठनात्मक र प्रशासनिक एकाइमा एक साथ राखिनाले स्कुलहरूको भौतिक स्थानान्तरणको खाँचो नपरी, विद्यार्थीहरूसम्म पहुँचमा उत्पन्न हुने बाधाहरूसँग समझौता नगरी प्रभावकारी प्रशासनिक एकाइहरू बनाउन मद्दत मिल्ने छ।

क. जनसङ्ख्या वितरण, सम्पर्क र अन्य स्थानीय महत्त्वहरूका अनुसारमा राज्य सरकारहरूले २०२३ सम्ममा स्कुलहरूलाई **परिसरहरूमा समूहन** गर्नेछन्। समूह अभ्यासमा अति कम नामाङ्कन भएका स्कुलहरूको समीक्षा र समेकन सामेल हुनेछ (जस्तै <२० विद्यार्थी)। यसै बेला, परिवहनका प्रावधान जस्ता उपायहरूका माध्यमबाट प्रक्रियासम्मको पहुँच प्रभावित हुने छैन। राज्यहरूका लागि यो वर्तमान स्कुलहरूको स्थितिको आंकलन गर्ने एउटा अवसर पनि हुने छ।

ख. स्कुल परिसरहरूले साना स्कुलहरूको पृथकीकरणलाई समाप्त पार्ने छन् र **शिक्षक र प्राधानाध्यापकहरूको एक समुदाय** निर्माण गर्नेछन् जसले एकसाथ काम गर्न सक्ने छन् र एकअर्काको समर्थन गर्न सक्ने छन् - शैक्षिक र प्रशासनिक रूपले। स्कुल परिसर पब्लिक स्कुल व्यवस्थाका प्राथमिक प्रशासनिक एकाइ हुनेछन्।

ग. एक स्कुल परिसरमा लगभग १०-२० सार्वजनिक स्कुलहरूको एउटा समूह हुनेछ, जसले एक प्रारम्भिक/सन्निहित भौगोलिक क्षेत्रभित्र प्रारम्भिक संस्थापक चरणदेखि कक्षा १२ सम्मको शिक्षा प्रदान गर्दछ। माध्यमिक विद्यालयका प्रधानाचार्य नै विद्यालय परिसरका प्रमुख हुनेछन्।

घ. प्रत्येक स्कुल परिसर एक **अर्द्ध-स्वायत्त एकाइ** हुनेछ जसले प्रारम्भिक आधारभूत स्तरदेखि १२ कक्षासम्म शिक्षा प्रदान गर्नेछन् र यसमा एक माध्यमिक स्कुल(कक्षा९-१२) र छरछिमेकमा बुनियादी/प्राथमिक र मध्य स्कुल शिक्षा प्रदान गर्ने सार्वजनिक स्कुल सामेल हुनेछन्।

ङ. स्कुलहरूलाई स्कुल परिसरमा समूहन गर्नाले विषय शिक्षक, खेलकुद, सङ्गीत र कला शिक्षकहरू, काउन्सेलर र समाजकर्मीहरूसमेतका संसाधनहरूलाई स्कुलहरूमाझ साझा गर्न सक्षम बनाउने छ। यसले प्रयोगशाला, पुस्तकालय, आइसिटी उपकरण, सङ्गीत वाद्ययन्त्र, खेलकुद उपकरण, खेलका मैदानआदि जस्ता भौतिक संसाधनहरूको सुसङ्गठित तरिकाले साझा गर्नमा प्रेरित गर्ने छ जसले गर्दा यस्ता सार्वजनिक संसाधनहरूको अधिकतम उपयोग सुनिश्चित हुने छ।

च. **शैक्षिक सुविधाहरूको एक सुसङ्गत समूह** बनाउनु लक्ष्य हो, जसमा तीन वर्षसम्मको प्रारम्भिक शिक्षा प्रदान गर्ने स्कुलहरू, व्यवसायिक शिक्षा र प्रौढ शिक्षा प्रदान गर्ने संस्थानहरू, शिक्षक सहायक संस्थाहरू

र विशेष आवश्यकता भएका नानीहरूका लागि सहायता यी सबै एउटा सुसम्पर्कित भौगोलिक क्षेत्रमा स्थित रहने छन् र आपस्तमा मिलेर काम गर्ने छन्। जिल्लामा रहेको उच्च शिक्षा संस्थानले पनि सहायता गर्ने छ(जस्तै शिक्षकहरूको पेसेवर विकासमा सहायता)।

छ. प्रत्येक परिसरका लागि एउटा **व्यापक शिक्षक विकास योजना** तयार गरिने छ र सहपाठीहरूबाट सिक्ने समुदायहरूलाई साप्ताहिक बैठकहरू, शिक्षक शिक्षण केन्द्र जस्ता प्रक्रियाहरूमार्फत सचेत रूपले विकसित र निरन्तर बहाल राखिने छ। यस बाहेक, सतत पेसेवर विकासका अन्य तरिकाहरू प्रदान गरिने छ, जस्तै सेमिनार, इन क्लास मेन्टरिङ, एक्स्पोजर भिजिट आदि। जसमा जिल्ला शिक्षा तथा प्रशिक्षण संस्थान र ब्लक तथा क्लस्टर संसाधन केन्द्रसहितका शैक्षणिक र शिक्षक सहायता व्यवस्थालाई स्कुल परिसर व्यवस्थाअनुरूप व्यवस्थित गरिने छ।

ज. प्रत्येक स्कुल परिसरमा **विद्यालय परिसर व्यवस्थापन समिति** हुनेछ जसमा परिसरभित्रका सबै स्कुलका प्रतिनिधि सामेल रहनेछन्। साथै परिसरसँग संलग्न अन्य संस्थाहरू जसमा प्रौढ शिक्षा केन्द्र, क्लस्टर संसाधन केन्द्र र यस्तै अन्य संस्थाहरू रहनेछन्। समितिलाई राज्य र यसका अन्य निकायहरूसँग स्कुलका तर्फबाट हस्तक्षेप गर्नका लागि आवाज उठाउने अधिकार रहने छ। यसले शिक्षकहरूको प्रदर्शन व्यवस्थापनमा केन्द्रीय भूमिका खेल्ने छ।

झ. प्रत्येक स्कुलले आफ्ना योजनाहरू विकसित गर्ने छन्, जसको उपयोग **स्कुल परिसरको योजना** निर्माण गर्नका लागि गरिने छ, जसलाई पछि स्कुल शिक्षा विभागले अनोमोदित गर्ने छ। प्रत्येक जिल्लामा स्कुल व्यवस्थाको हेरदेखका लागि, तिनको कामकाज र सशक्तीकरणलाई सामर्थ्यपूर्ण बनाउनका लागि एउटा **जिल्ला शिक्षा परिषद(डिस्ट्रिक्ट एजुकेसन काउन्सिल)** पनि हुने छ।

## ८. स्कुले शिक्षाको विनियमन

**उद्देश्य :** भारतको स्कुल शिक्षा प्रणाली प्रभावी विनियमन र प्रत्यायन तन्त्रका माध्यमले बलियो हुन्छ जसले सत्यनिष्ठा र पारदर्शिता सुनिश्चित पार्दछ अनि शैक्षिक परिणामहरूमा लगातार सुधारका लागि गुणस्तर र नवाचारलाई प्रेरित गर्दछ।

विनियमनले शैक्षिक सुधारको एक इन्जिन बनेर भारतको स्कुले शिक्षा व्यवस्थालाई ऊर्जावान बनाउनु पर्दछ।

क. स्वार्थको द्वन्द्वलाई मेटाउनका लागि छुट्टाछुट्टै निकायहरूद्वारा स्कुलहरूको (सेवाका प्रावधानहरूको) विनियमन र सञ्चालन गरिने छ। **नीति निर्धारण, विनियमन, सञ्चालन र शैक्षणिक मामिलाहरूका लागि स्पष्ट, भिन्नाभिन्नै व्यवस्था** हुनेछन्।

ख. प्रत्येक राज्यका लागि **राज्य विद्यालय नियामक प्राधीकरण**का नामले अर्ध-न्यायिक दर्जाका साथ एउटा राज्यव्यापी नियामक निकाय बनाइने छ, जबकि समग्र राज्यका लागि सार्वजनिक विद्यालयी व्यवस्थाको सञ्चालन विद्यालय शिक्षा निदेशालयद्वारा गरिने छ।

ग. यो **विनियमन** स्कुलको गुणस्तर मूल्याङ्कन र प्रत्यायनको रूपरेखाद्वारा सूचित **प्रत्यायन व्यवस्थामा आधारित हुनेछ**। रूपरेखाले केवल बुनियादी मानदण्डहरूलाई सम्बोधन गर्ने छ अनि यसपछि स्कुल सुरु गर्नका लागि लाइसेन्स सूचित गर्ने छ। स्कुलहरू स्व-प्रत्यायक हुनेछन् तर लेखा परीक्षणको एक तन्त्र स्थापित गरिने छ। यो प्रक्रिया सार्वजनिक र निजी स्कुलहरू दुवैमाथि लागु हुने छ।

घ. विनियमहरूको प्रवर्तन वर्तमानको निरिक्षक दृष्टिकोणद्वारा सञ्चालित गरिने छैन; यसको साटो, **माता-पिता** नै वास्तविक रूपमा नियामक बन्ने छन् किनकि स्कुलसँग सम्बन्धित सबै प्रासङ्गिक जानकारी सार्वजनिक डोमेनमा उपलब्ध हुनेछ।

ङ. राज्यमा मानक स्थापित गर्ने र पाठ्यक्रमसहित शैक्षणिक विषयहरूको नेतृत्व राज्य शैक्षिक अनुसन्धान एवम् प्रशिक्षण परिषदद्वारा गरिने छ। स्कुल छोड्ने चरणमा विद्यार्थीहरूको दक्षताको प्रमाणीकरण राज्यमा प्रमाणन/परीक्षा बोर्डद्वारा नियन्त्रित गरिने छ, जसले यसका लागि सार्थक जाँच आयोजित गर्ने छन्; जबकि, पाठ्यचर्या(पाठ्यपुस्तकसहित) निर्धारण गर्नमा यिनको कुनै भूमिका हुने छैन।

च. **निजी लोककल्याणकारी स्कुलहरू**लाई प्रोत्साहित गरिनु पर्छ र तिनलाई नियामनको भारबाट मुक्त पार्नु पर्छ। त्यसरी नै व्यवसायिक उद्यमका रूपमा स्कुल सञ्चालन गर्ने प्रयास गर्ने निजी स्कुल सञ्चालकहरूमाथि रोक लगाइने छ।

छ. निजी लोककल्याणकारी पहलका साथै सार्वजनिक हित-भावना भएका निजी स्कुलहरूलाई प्रोत्साहन सुनिश्चित हुने गरी, **सार्वजनिक र निजी स्कुलहरूलाई एउटै मानदण्ड, मानक र प्रक्रियाबाट विनियमित गरिने छ**।

ज. राज्य शैक्षिक अनुसन्धान एवम् प्रशिक्षण परिषदले प्रत्येक राज्यका लागि एक **स्कुल गुणस्तर तथा प्रत्यायन संरचना**को विकास गर्ने छ। यसको उपयोग राज्य विद्यालय नियामक प्राधीकरणद्वारा प्रत्यायन व्यवस्थाको आधारमा स्कुलहरूको नियमनका लागि गरिने छ।

झ. स्कुल र स्कुल व्यवस्थाहरूसँग पाठ्यचर्याको चयन गर्नसक्ने लचिलोपन हुने छ, जसलाई राष्ट्रिय/राज्य पाठ्यचर्यासँग जोडिनु पर्दछ।

ञ. सबै निकाय र संस्थाहरूले वार्षिक सँगसँगै मध्यावधी(३-५वर्ष)का योजनाहरूको विकास गर्नेछन्। शीर्ष प्रशासन निकायद्वारा एक व्यवस्थित समीक्षा प्रक्रिया जारी राखिने छ।

ट. विद्यार्थी अधिगम स्तरहरूको नमुनाआधारित **राष्ट्रिय उपलब्धि सर्वेक्षण**, राष्ट्रिय शैक्षिक अनुसन्धान एवम् प्रशिक्षण परिषदद्वारा जारी राखिने छ। राज्य जनगणनाआधारित राज्य मूल्याङ्कन सर्वेक्षण पनि जारी राख्न सकिने छ।

ठ. **शिक्षाको अधिकार** स्कुल विनियमन र शासनका लागि वैधानिक मेरूदण्ड भएकाले, यसको समीक्षा गरिने छ। यस नीतिलाई सक्षम बनाउनका लागि गरिएका उपयुक्त संशोधनहरू सँगसँगै यसलाई अधिनियमित गरिएपछि नै शिक्षाको आधारमा उपयुक्त सुधारलाई पनि सामेल गरिने छ।

# उच्च शिक्षा

## १. नयाँ संस्थागत संरचना

**उद्देश्य :** उच्च शिक्षा व्यवस्थालाई सुधार्नु, देशभरिमा विश्वस्तरीय संस्थाहरूको निर्माण गर्नु - २०३५ सम्म सकल नामाङ्कन अनुपातलाई कम्तीमा ५०% सम्म बढाउनु।

उच्च शिक्षाका लागि नयाँ भिजन र संरचनाको परिकल्पना उच्चस्तरीय एवम् उन्नत संसाधनयुक्त जीवन्त बहु-विषयक संस्थाहरूका साथमा गरिएको छ। वर्तमान ८०० वटा विश्वविद्यालयहरू र ४०,००० कलेजहरूलाई लगभग १५,००० उत्कृष्ट संस्थाहरूमा समेकित गरिने छ।

क. यस नयाँ उच्च शिक्षा संरचनाले, शिक्षण र अनुसन्धानका लागि **उच्चस्तरीय एवम् उन्नत संसाधनहरूले युक्त, जीवन्त र स्वायत्त बहुविषयक** संस्थाहरूको निर्माण गर्ने छ, जसले बलियो शैक्षिक समुदायहरूको निर्माण गर्दै पहुँच र क्षमतामा निकै विस्तार गर्नेछन्। सबै उच्च शिक्षा संस्थाहरू सबै विषय-क्षेत्र र क्षेत्रहरूमा शिक्षण कार्यक्रमहरूका साथमा बहुविषयक संस्था बन्ने छन्।

ख. फोकसमा अन्तरका आधारमा तीन प्रकारका संस्थाहरू हुनेछन्- सबै उच्च गुणस्तरका हुनेछन्

- टाइप १ जुन सबै विषयहरूमा विश्वस्तरीय अनुसन्धान र उच्च गुणस्तरयुक्त शिक्षणमा केन्द्रित हुनेछन्
- टाइप २ जो अनुसन्धानमा महत्त्वपूर्ण योगदानका साथमा विषयहरूमा उच्च गुणस्तरयुक्त शिक्षणमा केन्द्रित हुनेछन्
- टाइप ३ जो स्नातक शिक्षामा केन्द्रित विषयहरूमा उच्चव गुणस्तरयुक्त शिक्षणमा केन्द्रित हुनेछन्

ग. यो पुनर्संरचना विद्यमान संस्थाहरूलाई सङ्गठित र पुनर्गठित गरेर अनि नयाँ निर्माण गरेर व्यवस्थित र विचारपूर्वक गरिने छ। यस नयाँ संस्थागत वास्तुकलालाई उत्प्रेरित गर्नका लागि **मिसन नालन्दा र मिसन तक्षशिला**को शुभारम्भ गरिने छ। केही गतिवर्धक संस्थाहरू जस्तै भारतीय उदार कला संस्थान/ बहुविषयक शिक्षा तथा अनुसन्धान विश्वविद्यालयको यी मिसनका अङ्गका रूपमा स्थापना गरिने छ।

घ. सबै संस्थाहरू या त **विश्वविद्यालय** हुनेछन् अथवा **डिग्री दिने स्वायत्त कलेज** हुनेछन्।

ङ. निष्पक्ष र पारदर्शी व्यवस्थाको माध्यमबाट सार्वजनिक उच्च शिक्षाको विस्तार गर्न अनि यसलाई महत्त्वपूर्ण बनाउनका लागि **पर्याप्त सार्वजनिक लगानी** हुने छ।

च. **सुविधावञ्चित भौगोलिक क्षेत्रहरू**मा उच्च गुणस्तरीय संस्थाहरूलाई विकसित गर्नु प्राथमिकता हुनेछ।

छ. यो नयाँ संस्थागत संरचनामा पेसेवर क्षेत्रहरूसहित सबै क्षेत्रलाई सामेल गरिने छ।

## २. उच्च गुणस्तरपूर्ण उदार शिक्षामाथि फोकस

**उद्देश्य :** चुनिएका विषय र क्षेत्रहरूमा परिशुद्ध विशेषज्ञताका साथ सबै विद्यार्थीहरूको सम्पूर्णतावादी विकासको जगका रूपमा एउटा अधिक कल्पनाशील र व्यापक-आधार उदार शिक्षाका तर्फ बढ्नु।

सबै स्नातक कार्यक्रमहरूको कल्पना र लचिलो पाठ्यचर्यात्मक संरचनाहरू, अध्ययनका विषयका रचनात्मक संयोजन र एकीकृत कार्यक्रमहरूभित्र थुप्रै निकास र प्रवेश बिन्दु, चयनित विषय र क्षेत्रहरूमा परिशुद्ध विशेषज्ञता प्रदान गर्ने माध्यमबाट सम्पूर्णतावादी विकासका लागि जगका रूपमा एउटा उदार शिक्षा दृष्टिकोण विशेषता हुने छ।

क. संवैधानिक मूल्यहरूलाई विकसित गर्ने उद्देश्यले व्यापक बहुविषयक अवसरका साथ **उदार शिक्षा** उच्च शिक्षाको आधार हुने छ। यसले महत्त्वपूर्ण जीवन क्षमताहरू, परिशुद्ध विषयक बुझाइ र सामाजिक-नैतिक संलग्नताको एक आचरणको विकास गर्ने छ। पेसेवर र व्यवसायिक क्षेत्रसहित सबै विषय, कार्यक्रम र क्षेत्रहरूमा स्नातकतहमा यही दृष्टिकोण हुने छ।

ख. केन्द्रले भारतीय प्रद्योगिकी संस्थानहरूको मोडल र मानकहरूमा दसवटा भारतीय उदार कला संस्थान/ बहुविषयक शिक्षा एवम् अनुसन्धान विश्वविद्यालय स्थापित गर्ने छ।

ग. **कल्पनाशील र लचिलो पाठ्यचर्या संरचनाहरू**ले अध्ययनका विषयहरूका रचनात्मक संयोजनहरूलाई सक्षम बनाउँछन् र विद्यार्थीहरूका लागि थुप्रै उपयोगी निकास र प्रवेश बिन्दु प्रदान गर्छन्, यस प्रकारले वर्तमानमा प्रचलित कठोर सीमाहरूलाई ध्वस्त पारेर जीवनभरि सिक्ने सम्भावना उत्पन्न गर्दछन्। स्नातक (स्नातकोत्तर र डाक्टरेट) स्तरको शिक्षाले परिशुद्ध अनुसन्धानआधारित विशेषज्ञता प्रदान गर्ने छ।

घ. स्नातकको डिग्री ३ वा ४ सालको अवधिको हुनसक्छ। संस्थाहरूले यस अवधिभित्र **बहुनिकासको विकल्प** प्रदान गर्न सक्नेछन्, एक विषय-क्षेत्र वा क्षेत्रमा एक उन्नत डिप्लोमा (व्यवसायिक अथवा पेसेवर क्षेत्रसहित) २ वर्षको अध्ययन गरेपछि अथवा १ वर्ष पुरा गरेपछि एक प्रमाणपत्र सहित उचित प्रमाणीकरणका साथ।

ङ. ४ वर्षको कार्यक्रमले विद्यार्थीहरूलाई उदार शिक्षाको सम्पूर्ण शृङ्खलाको अनुभव प्राप्त गर्ने अवसर प्रदान गर्ने छ। यसलाई चुनिएका 'मेजर' र 'माइनर' मा ब्याचलर अफ लिबरल आर्ट्स भनिने छ। ३ वर्षे कार्यक्रम एक स्नातक डिग्रीमा परिणत हुने छ। यदि विद्यार्थीले शोध कार्य गर्छन् भने दुवै कार्यक्रममा 'अनर्सका साथ' डिग्री हुनसक्छ।

च. केही पेसेवर विषयधाराहरू (जस्तै शिक्षक शिक्षा, इन्जिनियरिङ, चिकित्सा, कानुन) मा केवल स्नातकको डिग्रीका लागि ४ वर्षको अवधि (वा अधिक) हुन सक्छ।

छ. संस्थाहरूसँग मास्टर्स प्रोग्रामका विभिन्न डिजाइन प्रदान गर्नसक्ने लचिलोपन हुनेछ, अर्थात्, २ वर्षको कार्यक्रम हुनसक्छ जसमा दोस्रो वर्ष पूर्णत: अनुसन्धानका लागि समर्पित हुने छ। ज-जसले ३ वर्षे स्नातक कार्यक्रम पुरा गरेका छन्; उनीहरूका लागि एउटा एकीकृत ५ वर्षे मास्टर्स प्रोग्राम हुन सक्छ; र अनर्सका साथमा ४ वर्षको स्नातकको डिग्री पुरा गर्नेहरूकालागि १ सालको मास्टर्स प्रोग्राम हुनसक्छ।

ज. पिएचडी प्रारम्भ गर्नका लागि या त मास्टर डिग्री अथवा अनर्सका साथ स्नातकको डिग्रीको आवश्यकता हुने छ। एमफिल प्रोग्राम बन्द गरिने छ।

## ३. सिक्नका लागि अनुकूल वातावरण बनाउनु

**उद्देश्य :** आनन्दपूर्ण, गहन र आवश्यकताहरूलाई पुरा गर्ने पाठ्यचर्या, प्रभावी र रुचिपूर्ण शिक्षाका तरिका, विद्यार्थीहरूको चौतर्फी विकास र अनुकूलतम अधिगममा सहायता गर्नु।

उच्च शिक्षामा पाठ्यचर्या र शिक्षाशास्त्रले युवाहरूलाई लोकतन्त्रका सक्रिय नागरिक र कुनै पनि क्षेत्रमा सफल पेसेवरहरूका रूपमा योगदान गर्नमा सक्षम बनाउनमा सहायक हुनका लागि तथ्यहरू र यान्त्रिक प्रक्रियाहरूको घोकन्ते प्रणालीबाट टाढा जानु पर्छ ।

क. जीवन्त र गहन पाठ्यक्रमको विकास **राष्ट्रिय उच्च शिक्षा योग्यताको रूपरेखा** द्वारा निर्देशित गरिने छ जुन विभिन्न क्षेत्र र विषयहरूमा प्रस्तुत डिग्री/डिप्लोमा/प्रमाणनका साथमा सिकाइको प्रतिफललाई रेखाङ्कित गर्ने छ। शैक्षिक र पेसेवर/व्यवसायिक क्षेत्रमा समतुल्यता र गतिशीलता सुनिश्चित गर्नका लागि यस संरचनालाई राष्ट्रिय कौशल योग्यताको रूपरेखाका साथ संलग्न गरिने छ।

ख. लचिलोपन र नवाचारको अनुमति दिनका लागि **च्वइस बेस्ड क्रेडिट सिस्टम**लाई संशोधित गरिने छ र यसमा सुधार गरिने छ।

ग. प्रभावशाली शिक्षाशास्त्रीय पद्धतिहरूको माध्यमबाट अधिगमका अनुभवहरू उपलब्ध गराइने छ। सबै विद्यार्थीहरूलाई सामाजिक संलग्नताका लागि सार्थक अवसर प्रदान गरिने छ। केवल शैक्षणिक पक्षहरूमा मात्रै नभएर व्यापक क्षमता र मनोवृत्तिमाथि पनि विद्यार्थीहरूको मूल्याङ्कन गरिने छ।

घ. विद्यार्थीहरूलाई अझ राम्रो प्रतिफल प्राप्त गर्नमा मद्दत पुर्‍याउनका लागि **शैक्षिक, वित्तीय र भावनात्मक सहायता** उपलब्ध हुने छ।

ङ. **मुक्त र दूरस्थ अधिगम**को विस्तार गरिने छ जसले सकल नामाङ्कन अनुपातलाई ५०% सम्म बढाउनमा महत्त्वपूर्ण भूमिका खेल्ने छ। यो उच्चतम गुणस्तरपूर्ण कक्षा कार्यक्रमहरू सरहको होस् भन्ने कुरा सुनिश्चित पार्न अनलाइन डिजिटल रिपोजिटरी, अनुसन्धानका लागि निधि, उन्नत विद्यार्थी सेवाहरू, MOOC हरूको क्रेडिटआधारित मान्यता आदि जस्ता उपायहरू गरिने छ।

च. संस्थागत सहयोग र विद्यार्थी र सङ्काय गतिशीलता दुवैको माध्यमबाट शिक्षाको **अन्तर्राष्ट्रियकरण** उत्प्रेरित हुने छ। अन्तर्राष्ट्रिय शिक्षाका लागि चयनित भारतीय विश्वविद्यालयहरूमा एक अन्तर्विश्वविद्यालयी केन्द्रको स्थापना गरिने छ।

## ४. ऊर्जाशील, संलग्न र सक्षम सङ्काय

**उद्देश्य :** उच्च सक्षमता र गहन प्रतिबद्धता भएका, पढाउनमा र शोधमा उत्कृष्टताका लागि ऊर्जाशील सशक्त सङ्काय

उच्च शिक्षा संस्थाहरूको सफलतामा तिनका सङ्काय सदस्यहरूको गुणस्तर र नियुक्ति सबैभन्दा महत्त्वपूर्ण कारक हुन्छन्। यो नीतिले सङ्कायलाई उच्च शिक्षाको केन्द्रमा राखिराख्दछ।

क. प्रत्येक संस्थासँग पर्याप्त सङ्काय हुने छ, जसले यो सुनिश्चित पार्ने छ कि सबै कार्यक्रम, विषय र क्षेत्रका आवश्यकता पुरा हुन्, वाञ्छनीय विद्यार्थी-शिक्षक अनुपात (३०:१ भन्दा अधिक नहोस्) उपलब्ध रहोस् र विविधता सुनिश्चित गरिने छ।

ख. तदर्थ संविदा नियुक्तिको प्रचलित प्रथा तुरुन्त रोकिने छ।

ग. सङ्काय भर्ती शैक्षिक विशेषज्ञता, शिक्षण दक्षता र सार्वजनिक सेवाको मनोवृत्तिमा आधारित हुनेछ।

घ. सङ्कायका लागि एक उचित रूपले डिजाइन गरिएको स्थायी रोजगारी(कार्यकाल) ट्र्याक व्यवस्था सुरु गरिने छ - यो २०३० सम्म निजी संस्थाहरूसहित सबै संस्थाहरूमा पूर्णत: कार्यरूपमा आउने छ।

ङ. सङ्कायलाई उनीहरूको पाठ्यक्रमका लागि पाठ्यचर्यात्मक विकल्प बनाउनका लागि सशक्त बनाइने छ र उनीहरूले शैक्षिक स्वतन्त्रताका साथै अनुसन्धानलाई अघि बढाउने छन्।

च. सबै संस्थाहरूले सङ्कायका लागि एउटा सतत दक्षता संवर्धन योजना विकसित गर्ने छन् र यसको कार्यान्वयनका लागि प्रक्रिया निर्धारित गर्ने छन्। यस योजनामा क्षेत्र/विषय, शिक्षण शास्त्रीय क्षमता, अनुसन्धान र व्यवहारमा यसको योगदानलाई सामेल हुनुपर्ने छ।

छ. प्रत्येक संस्थाको संस्थागत विकास योजनामा सङ्काय भर्ती र विकास, क्यारियरको प्रगति, क्षतिपूर्ति व्यवस्थापन आदि खण्ड रहने छन्।

## ५. सशक्त गभर्नेन्स (शासन) र स्वायत्तता

**उद्देश्य :** सक्षम र नीतिपरक नेतृत्वका साथ स्वतन्त्र, स्वशासित उच्च शिक्षा संस्थाहरू।

उच्च गुणस्तरपूर्ण शिक्षा र अनुसन्धानका लागि पोषण-संस्कृतिमा बौद्धिक उर्वरताको आवश्यकता हुन्छ - उच्च शिक्षा संस्थाहरूको शासनले यस संस्कृतिको निर्धारण गर्दछ।

क. उच्च शिक्षा संस्थाहरूको सञ्चालन पूर्ण शैक्षणिक र प्रशासनिक स्वायत्तताका साथ **स्वतन्त्र बोर्डहरू**द्वारा गरिने छ। बोर्डको गठन र नियुक्तिमा अध्यक्ष र कुलपति/निदेशक (मुख्य कार्यकारी) ले सुनिश्चित गर्ने छन् कि सरकारसमेत बाहिरी हस्तक्षेपलाई समाप्त पारियोस्, र संस्थाप्रति प्रतिबद्धताका साथ उच्च क्षमतावान व्यक्तिहरूको नियुक्ति सक्षम बनाइयोस्।

ख. सबै उच्च शिक्षा संस्थाहरू **स्वायत्त स्वशासी संस्था** बन्ने छन् र 'सम्बद्धता'को प्रथा बन्द गरिने छ। 'सम्बद्ध कलेज' स्वायत्त डिग्री दिने कलेजमा विकसित हुने छन् र 'सम्बद्ध विश्वविद्यालयहरू' जीवन्त बहुविषयक संस्थाहरूमा विकसित हुने छन्।

ग. **निजी र सार्वजनिक संस्थाहरू**को नियामक शासनद्वारा **समान** मानिने छन्। शिक्षाको व्यवसायीकरण बन्द हुने छ र लोकोपकारी प्रयासहरूलाई प्रोत्साहित गरिने छ।

घ. **स्वायत्ततालाई व्यवस्थामा समाहित गरिने छ** - यसको संस्कृति, संरचना र तन्त्र। सङ्कायसँग शैक्षणिक स्वतन्त्रता र पाठ्यचर्या-सशक्तीकरण हुने छ जसमा शिक्षाशास्त्रीय उपागम, विद्यार्थीको आंकलन र शोध सामेल हुने छन्। संस्थाहरूसँग प्रशासनिक र शैक्षणिक स्वायत्ता हुने छ। यसमा कार्यक्रम सुरु गर्ने र कार्यक्रम चलाउने स्वतन्त्रता, पाठ्यचर्या निर्धारित गर्ने, विद्यार्थी-क्षमताको निर्धारण गर्ने, संसाधनका आवश्यकता निर्धारित गर्ने र तिनको आन्तरिक व्यवस्था विकसित गर्ने स्वतन्त्रता सामेल छन् जसमा गभर्नेन्स (शासन) र जन प्रबन्धन व्यवस्था निहित छ। उच्च शिक्षा संस्थानहरूलाई वास्तवमा स्वायत्त, स्वतन्त्र र स्वशासी निकायका रूपमा विकसित गरिने छ।

## ६. नियामक व्यवस्थाको रूपान्तरण

**उद्देश्य :** उच्च शिक्षामा उत्कृष्टता र सार्वजनिक सेवाभावलाई प्रोत्साहित गर्नका लागि प्रभावी, सक्रिय र उत्तरदायी विनियमन।

उन्नत गभर्नेन्स (सुशासन) का साथ सेवाभाव, समता, उत्कृष्टता, वित्तीय स्थिरता र सत्यनिष्ठता सुनिश्चित पार्नका लागि विनियमन उत्तरदायी र न्यूनतमवादी हुने छन्।

क. **मानक सेटिङ, वित्तपोषण, प्रत्यायन र विनियमन**का कार्य पृथक हुने छन् र शक्तिको केन्द्रीकरण र स्वार्थको द्वन्द्वलाई हटाउँदै **स्वतन्त्र निकायहरूद्वारा सञ्चालित** गरिने छन्।

ख. **राष्ट्रिय उच्च शिक्षा नियामक प्राधीकरण** पेसेवर शिक्षासहित सम्पूर्ण उच्च शिक्षाका लागि एक मात्र नियामक हुनेछ। सबै विद्यमान नियामक निकाय पेसेवर मानक सेटिङ निकायहरूमा रूपान्तरित हुने छन्।

ग. वर्तमान विश्वविद्यालय अनुदान आयोग उच्च शिक्षा अनुदान परिषदमा बद्लिने छ।

घ. सामान्य शिक्षा परिषदको स्थापना गरिने छ र 'ग्र्याजुएट एट्रिब्युट्स' अर्थात् उच्च शिक्षाका लागि 'अपेक्षित सिकाइको प्रतिफल'लाई परिभाषित गर्नका लागि राष्ट्रिय उच्चतर शिक्षा योग्यताको रूपरेखाको विकास गरिने छ।

ङ. **बुनियादी मानकहरूमा प्रत्यायन विनियमनको आधार बन्ने छ**। राष्ट्रिय मूल्याङ्कन र प्रत्यायन परिषदले, प्रत्यायन संस्थाहरू र प्रक्रियाको हेरदेखका लागि एउटा पारिस्थितिकी तन्त्र विकसित गर्नेछ।

च. **सार्वजनिक र निजी उच्च शिक्षा संस्थाहरूका लागि एक सामान्य नियामक व्यवस्था** हुनेछ। **निजी परोपकारी पहल**लाई प्रोत्साहित गरिने छ।

छ. उच्च शिक्षाका राज्य विभाग एक नीति स्तरमा सामेल हुने छन्; राज्य उच्च शिक्षा परिषदहरूले सहकर्मी सहायता र सर्वोत्तम पद्धति साझा गर्ने सुविधा प्रदान गर्ने छन्।

# शिक्षक शिक्षा

## १. गहन शिक्षक तयारी

**उद्देश्य :** शिक्षक शिक्षा व्यवस्थालाई बहुविषयक महाविद्यालय र विश्वविद्यालयहरूसँग जोडेर र चार वर्षे एकीकृत स्नातक डिग्रीलाई स्कुल शिक्षकहरूका लागि न्यूनतम योग्यता स्थापित गरेर यो सुनिश्चित पार्नु कि शिक्षकहरूलाई विषय, शिक्षणशास्त्र र व्यवहारमा गुणस्तरपूर्ण प्रशिक्षण प्राप्त हुन सकोस्।

शिक्षण एक नीतिपरक र बौद्धिक रूपमा माग भएको पेसा हो। नयाँ शिक्षकहरूलाई गहन तयारी र पेसेवर शिक्षकहरूलाई निरन्तर पेसेवर विकास र शैक्षणिक अनि पेसेवर सहायताको आवश्यकता पर्दछ।

क. शिक्षक तयारीका लागि ४ **वर्षे एकीकृत ब्याचलर अफ एज्युकेसन प्रोग्राम**लाई स्नातक अध्ययन कार्यक्रमका रूपमा बहुविषयक संस्थाहरूमा विषय-क्षेत्र तथा शिक्षण तयारी पाठ्यक्रम दुवैका रूपमा पेस गरिने छ। यो चरण-विशिष्ट, विषय-विशिष्ट कार्यक्रम हुने छ जो शिक्षकहरूलाई कला तथा खेलकुद र व्यवसायिक शिक्षा अथवा विशेष शिक्षामा केन्द्रित पार्दै विद्यालयपूर्वदेखि लिएर माध्यमिक स्तर (कक्षा १२) सम्म सबै विषयहरूका लागि तयार पार्ने छ।

ख. ४ वर्षे बी.एड डिग्री अन्य स्नातक डिग्रीको समतुल्य हुने छ र ४ वर्षे बी.एड भएका विद्यार्थी मास्टर डिग्रीका लागि योग्य हुनेछन्।

ग. वर्तमानको दुई वर्षे बी.एड कार्यक्रम २०३० सम्म जारी रहने छ। २०३० पछि, केवल ४ वर्षे शिक्षक शिक्षा कार्यक्रम प्रदान गर्ने संस्थाहरूले मात्रै २ वर्षे कार्यक्रम प्रदान गर्ने छन्। यस कार्यक्रमको पेसकस ती व्यक्तिहरूका लागि गरिने छ, जोसँग स्नातक डिग्री हुने छ।

घ. २०३० पछि कुनै पनि अन्य प्रकारको सेवा-पूर्व शिक्षक तयारी कार्यक्रमको पेसकस गरिने छैन।

ङ. शिक्षक सेवा केवल **बहुविषयक संस्थाहरू**द्वारा प्रदान गरिने छ। उत्तम सेवा-पूर्व शिक्षक तयारीका लागि शैक्षिक परिप्रेक्ष्य, विषय र शिक्षाशास्त्रको बुझाइका साथ सबल सिद्धान्त-व्यवहारको गहन सैद्धान्तिक विषयहरूमा विशेषज्ञताको खाँचो छ - यसले शिक्षाको मूल क्षेत्रमा विशेषज्ञ र स्कुलहरूको सञ्चालका साथमा अन्य सबै स्कुल विषयहरूमा एउटा शृङ्खलाको उपलब्धताको माग गर्दछ।

च. कमसल र निष्क्रिय शिक्षक शिक्षण संस्थानहरू बन्द हुने छन्।

# व्यावसायिक शिक्षा

## १. उच्च शिक्षामा व्यावसायिक शिक्षाको पुन:एकीकरण, पुनरुत्थान व्यावसायिक शिक्षा

**उद्देश्य:** व्यापक क्षमता र २१ औँ शताब्दीको कुशलता सुनिश्चित गरी दक्ष सामाजिक-मानव सन्दर्भ र बलियो नैतिक कम्पास, उच्चतम गुणस्तरका व्यवसायहरूका लागि समग्र दृष्टिकोणको तयारी सिर्जना गर्नुहोस्।

व्यावसायिक सार्वजनिक उद्देश्यको तयारीका लागि नैतिक महत्वलाई शिक्षामा समावेश गर्नु अनिवार्य छ, शिक्षामा अनुशासन र यस प्रकारको विशेष अभ्यास -बनाउनका लागि फरक व्यवसायिक शिक्षा हुनु पर्दैन।

क. व्यावसायिक शिक्षा **प्रणाली एकीकृत उच्च शिक्षाको अभिन्न भाग** हुने छ। एकल प्राविधिक विश्वविद्यालय स्थापना गर्ने अभ्यास, स्वास्थ्य विज्ञान विश्वविद्यालय, कानूनी र कृषि विश्वविद्यालय वा संस्थान वा अन्य क्षेत्रहरूमा बन्द गरिने छ। सबै संस्थाहरूले असामान्य रूपमा सञ्चालित दुबै किसिमका संस्थाहरू संगठित हुने प्रस्ताव गरी २०३० सम्ममा अनिवार्य रूपमा व्यावसायिक वा सामान्य शिक्षा प्रदान गर्नु पर्दछ।

ख. **ख.** सहयोगी शिक्षासँग सम्बन्धित कृषि शिक्षा पुनर्जीवित गरिने छ यद्यपि देशमा भएका कृषि विश्वविद्यालयले सबै विश्वविद्यालयहरूको लगभग ९% भागमा सम्बद्ध सबैको नामाङ्कन समावेश गरेको छ। कृषि र विज्ञान शिक्षा दुवैको क्षमता र गुणस्तर १ % भन्दा कम छ। कृषि र सम्बद्ध दुवै गुणहरूको क्षमता र गुणस्तर राम्रो बनाई कुशल माध्यमद्वारा कृषि उत्पादकत्व बढाउनका लागि दक्ष स्नातक, प्राविधिक अनुभव, नवीनतम अनुसन्धान र बजार विस्तारमा आधारित अभ्यासमा जोडिएका प्रविधिहरू समावेश गर्नु पर्छ। कृषिलाई व्यावसायिक रूपमा तयार गर्न **क्षमता** र सामान्य शिक्षासँगको एकीकृत पशु चिकित्सा विज्ञान कार्यक्रमलाई तीव्र गतिमा बढाइने छ। स्थानीय ज्ञानको उपयोग गर्नका लागि व्यवसायिक क्षमता विकास, परम्परागत ज्ञानमा उदीयमान प्रविधिहरू महत्त्वपूर्ण हुने हुँदा चिन्ताजनक भूमि उत्पादकत्व जस्ता समस्याहरूको संज्ञानात्मक गिरावट, जलवायु परिवर्तन, हाम्रा लागि खाना, सुअवसर,बढ्दो जनसङ्ख्या, आदि। कृषि शिक्षा प्रदान गर्ने संस्थाहरूबाट **लाभ** उठाउन कृषि शिक्षाको सम्पूर्ण डिजाइनमा परिवर्तन गरिने छ। **स्थानीय समुदाय** प्रत्यक्ष रूपमा; Agricultural Technology Parks ले प्रविधिको ऊष्म नियन्त्रण र प्रचारको एउटा विधि स्थापित गर्न सक्छ।

ग. **ग. कानुनी शिक्षा** कार्यक्रमहरू पुनर्निर्माण गरिने छ। कानुनमा व्यावसायिक शिक्षा लागु गर्नाले विश्वव्यापी प्रतिस्पर्धा गर्न उत्तम अभ्यासहरू र न्यायको व्यापक पहुँचका लागि नयाँ प्रविधिहरू गम्भीर भई न्यायसंगत पहुँच र समयमै उक्त कुराहरूको प्राप्तिका लागि प्रविधिहरू तयार गरिने छ। त्यही समयमा न्यायको संवैधानिक मूल्यहरूसँग **सामाजिक**, आर्थिक, राजनैतिक र राष्ट्रिय पुनर्निर्माणका लागि निर्देशित लोकतान्त्रिक साधन, कानुनी शासन र मानव अधिकारका माध्यमबाट यी कुराहरू सूचित गरिनु पर्दछ। **पाठ्यक्रमको कानुनी अध्ययनले** सामाजिक-सांस्कृतिक अवस्थासँगै सम्बन्धहरूको साथसाथै एक प्रमाणमा आधारित भएअनुसार, कानुनी सोच, न्याय सिद्धान्त, अभ्यास न्यायशास्त्र र अन्य सम्बन्धित सामग्रीहरू उचित र उपयुक्त रूपमा प्रतिबिम्बित हुनु पर्दछ।। राज्य शिक्षा प्रदान गर्ने

राज्य संस्थाहरूले भविष्यका वकील र न्यायाधीशहरूका लागि अंग्रेजी र राज्यका भाषामा कानुनमा व्यवस्था भएअनुसार द्विभाषी शिक्षा कार्यक्रम प्रस्ताव गर्नु पर्दछ। यसले कानुनी परिणामहरूलाई हल्का ढिलो बनाएको फलस्वरूप अनुवादको आवश्यकता पर्दछ।

घ. **घ. स्वास्थ्य हेरचाह शिक्षाको** अवधारणा पुन: बनाइने छ किनकि संरचना अवधि, बनावट र शैक्षिक कार्यक्रमहरूको डिजाइनमा मानिसले खेल्ने भूमिका यसका लागि धेरै आवश्यक छ। उदाहरणका लागि, प्रत्येक स्वास्थ्य हेरचाह प्रक्रिया/ हस्तक्षेप (उदाहरणका लागि ECG लिन/पढ्न) का लागि आवश्यक पूर्ण योग्य चिकित्सक चाहिँदैन। सबै **MBBS स्नातकहरूमा** : (i) मेडिकल सीप (ii) उपचार गर्ने क्षमता (iii) सर्जिकल क्षमता र (iv) आपतकालिन अवस्थामा काम गर्ने क्षमता **हुनु पर्दछ।** प्राथमिक हेरविचार र दोस्रो दर्जाका अस्पतालहरूमा काम गर्न आवश्यक सीपका लागि परिभाषित आवश्यक मापदण्डहरूका बिषयमा नियमित अन्तरालमा विद्यार्थीहरूको मूल्याङ्कन गरिने छ। **MBBS** पाठ्यक्रमको **पहिलो वा दोश्रो** सबै स्नातकका लागि एक सामान्य अवधिको रूपमा डिजाइन गरिने छ जसबाट विद्यार्थीहरूले MBBS, BDS, नर्सिङ वा अन्य विशेषज्ञताहरू लिन सक्ने छन। अन्य चिकित्सा विषयहरूबाट स्नातक नर्सिङ, दन्त चिकित्सा आदिबाट पनि MBBS कोर्समा पार्श्व प्रवेशको अनुमति दिइनेछ: चिकित्सा शिक्षाको गुणस्तर तथा सुधारका लागि नर्सिङ र अन्य उपशाखाहरूको एक मान्यता प्राप्त राष्ट्रिय निकाय सिर्जना गरिने छ। हाम्रा अभ्यासहरूले स्वास्थ्य सेवामा बहुसंख्यक विकल्पहरू दिएका छन्। हाम्रो स्वास्थ्य शिक्षा हेरचाह प्रणाली एकीकृत हुनु पर्छ, यसको मतलब विस्तृत रूपमा ती सम्पूर्ण, विद्यार्थीहरूमा मेडिकल चिकित्सा आयुर्वेद, योग र प्राकृतिक चिकित्सा, युनानी, सिद्ध र होमियोप्याथीको आधारभूत बुझाइ (AYUSH) र यसको विपरीत शिक्षाको ज्ञान पनि हुनु पर्छ। त्यहाँ सबै स्वास्थ्य शिक्षा सेवामा स्वास्थ्य हेरचाह, रोकथाम सेवा र सामुदायिक औषधिमा अझै धेरै जोड हुनेछ।।

ङ. **यी प्राविधिक शिक्षाका सङ्कायहरू न त पूर्णतया ज्ञान तथा पूर्ण रूपमा शिक्षामा आधारित हुन्छन् तापनि यस्ता शिक्षाले पूर्ण रूपमा विशेष चुनौतीहरूको सामना गर्छन्।** यसभन्दा अगाडि सबै मानवीय प्रयासमा प्रविधिको प्रभाव बढी भई प्राविधिक शिक्षा र अन्य विषयहरू बीचको सिलोस विस्थापन गर्ने **आशा** गरिन्छ। अगाडि बढ्दै गर्दा, केवल यी क्षेत्रहरूमा मात्र निरन्तर दक्ष व्यक्तिको माग केही दशक पहिलेदेखि थिएन त्यसकारण त्यहाँ उद्योग र इन्स्टिच्यूट संस्थाहरू बीच नजिकको सहयोगका लागि नवीनतम **अनुसन्धानका** पाइलाहरू चाल्नु पर्ने आवश्यकता छ। इन्जिनियरिङ र प्रविधिका वर्तमान र भविष्य दुवैका लागि तयार भएका **व्यावसायिक कार्यक्रमहरू परिमार्जन गरिने छन्, जुन** अभ्यास, सामाजिक-आर्थिक र पर्यावरणीय परिवर्तनहरू परिवर्तन गर्न उत्तरदायी हुँदा बढ्दो विज्ञानको प्रविधि प्राप्त गर्न सक्षम छन्। विद्यार्थीहरूलाई उनीहरूको ज्ञान लागू गर्न क्षमता, सीप क्षमतामा भिन्न, प्रायः अज्ञात सेटिङ्हरू, व्यावसायिक सीप भित्र्याउने र नैतिकताको विकास गर्ने नयाँ योजना बनाई **पाठ्यक्रम नवीकरण गरिने छ।** त्यहाँ **नयाँ र प्रस्तावित विषयहरूमा रणनीतिक जोस** हुनेछ, जस्तै कृत्रिम कुशलता, ठूलो डेटा विश्लेषण आदि। संस्थाहरूको मान्यता/ मूल्याङ्कनले उद्योगको संस्था तथा संकायसँग उद्योगको अनुभव, विस्तार इन्टर्नशिप अवसर आदि बढाउँछ।

# राष्ट्रिय अनुसन्धान संस्था

## १. शैक्षिक गुणस्तर उत्प्रेरक सम्बन्धी अनुसन्धान

**उद्देश्य:** नयाँ अनुसन्धान र खोजले देशका सबै शैक्षिक विषयहरूमा बढ्दो गति, विशेष ध्यान र विश्वविद्यालय र कलेजहरूमा -प्रवाहकीय ईकोसिस्टम अनुसन्धान मार्फत सामूहिक प्रतिशपर्धात्मक समीक्षा, अनुदान, सुविधा र निर्देशन गर्ने।

नवीनतम ज्ञानको अनुसन्धानले, समाजको उत्थान, राष्ट्रियताको प्रेरणा दिई देशको अर्थ व्यवस्थालाई माथिल्लो उचाइमा **पुऱ्याउँदै** दिगो विकासका लागि केन्द्रित गर्छ। विश्व आज तिब्र गतिमा परिवर्तन हुँदै छ - जलवायु, प्रविधि, जनसङ्ख्याको गतिशीलता र त्यस्तै-बलियो अनुसन्धान प्रणालीभन्दा बढी महत्त्वपूर्ण छ।

क. राष्ट्रिय अनुसन्धान संस्था  भारत सरकारको स्वायत्त निकाय संसदको अधिनियमको माध्यमबाट यो संस्था स्थापित गरिने छ। यस संस्थाका लागि वार्षिक 20,000 करोड(जीडीपीका ~ 0.1%); अनुदानको ग्यारेन्टी दिइने छ। यो अनुदान देशको गुणस्तरीय अनुसन्धानको क्षमता विकसित भएपश्चात् अर्को दशकमा प्रगतिशील वृद्धि हुनेछ।

ख. फाउन्डेशनको प्राथमिक कामको क्षेत्र निम्नानुसार समावेश हुनेछ:

- शैक्षिक परिदृश्यमा सबै विषयहरू अनुदान कोषका माध्यमबाट सहकर्मीको प्रतिस्पर्धात्मक, समीक्षामा आधारित प्रक्रिया
- देशका शैक्षिक संस्थाहरूमा अनुसन्धान क्षमता निर्माण
- तत्काल अन्यभन्दा राष्ट्रिय मुद्दाहरूको अनुसन्धान र नवीनतम अनुसन्धानका सफलताहरू सार्वजनिक भलाइका लागि कार्यान्वयन गरिएका छन् भनी शोधकर्ताहरू, सरकार र उद्योगबीच लाभदायी लिङ्कहरू सिर्जना गर्ने सुनिश्चितता।
- विशेष पुरस्कार र सेमिनारहरूको माध्यमबाट उत्कृष्ट अनुसन्धानको पहिचान

ग. फाउन्डेसन शुरु गर्नका लागि निम्न चार प्रमुख भागहरू हुने छन्-  विज्ञान, प्रविधि, सामाजिक विज्ञान र कला र मानविकी।

# अतिरिक्त मुख्य फोकस क्षेत्रहरू

## १. शिक्षा प्रविधि

**उद्देश्यः** उपयुक्त प्रविधिको एकीकरणमा सबै स्तरको शिक्षा - समर्थन गरी शिक्षक तयारी र विकास - समर्थन गर्नका लागि शिक्षकको तयारी र विकास; शिक्षण सुधार, सिकाई र मूल्याङ्कन प्रक्रियाहरू; वन्चित समूहहरूलाई शैक्षिक पहुँच बढाउन; र व्यवस्थित शैक्षिक योजनाको प्रशासनिक व्यवस्थापन गरिने छ।

यो नीतिले लक्ष्यमा पुग्नका लागि शिक्षाका सबै तहहरूमा प्रविधि एकीकृत गरेको छ: i) शिक्षण, सिकाई र मूल्यांकन प्रक्रियामा सुधार गर्न; ii) शिक्षकहरूका तयारी र उनीहरूको निरन्तर पेशागत विकास समर्थन गर्न; iii) शिक्षाबाट वन्चित भएकाहरूलाई शैक्षिक पहुँच बढाउन र iv) शिक्षा योजना, प्रशासन र व्यवस्थापनलाई व्यवस्थित गर्न।

क. **राष्ट्रिय शैक्षिक प्रविधि फोरम,** शैक्षिक संस्थाहरू, राज्य र केन्द्रीय सरकार र अन्य स्टेकहोल्डरहरूको नवीनतम ज्ञान र अनुसन्धानको नेतृत्वका साथै प्रत्येकसँग उच्चतम अभ्यासहरू परामर्श र साझेदारी गर्ने मौका प्रदान गरी प्रेरणा र प्रविधिको प्रयोगमा निर्णय क्षमता वृद्धि गर्नका लागि स्वायत्त समूह तयार गरिने छ,

ख. शैक्षिक प्रक्रियाहरूमा अनुसन्धान, शैक्षिक प्रविधिको एकीकरण शिक्षकको तयारीका लागि प्रविधिको उपयोग, योग्य समर्थन र अनुसन्धान (उदाहरणका लागि- अनुवादमा सहयोग गर्नुहोस्, एक शैक्षणिक सहायताको रूपमा कार्य गर्नुहोस्,व्यावसायिक विकासमा निरन्तर सहजीकरण गर्नुहोस्, अनलाइन पाठ्यक्रम इत्यादि) डिजिटल भण्डारहरूको माध्यमले अनुकूलित गरिने छ, शैक्षिक प्रविधिमा उत्कृष्ट केन्द्रहरू हुनेछन् जुन अनुसन्धान र प्रविधिको उपयोगका लागि तयार गरिने छ।

ग. शैक्षिक डेटाको **राष्ट्रिय** भण्डारले संस्था, शिक्षक र विद्यार्थीहरूसँग सम्बन्धित सबै रेकर्डहरू डिजिटल रूपमा राख्ने छ।

## २. व्यावसायिक शिक्षा

**उद्देश्य :** सबै शैक्षिक संस्थाहरू,कलेज र विश्वविद्यालय- विद्यालयहरूमा व्यावसायिक शिक्षाको एकीकरण गर्न। सम्पूर्ण सिकारुको कम्तीमा 50% लाई 2025 सम्ममा व्यावसायिक शिक्षा सिकाईको पहुँच प्रदान गर्न ।

यो नीतिले भारतको पूर्ण क्षमताको महसुस गरी सीप विकासको लक्ष्य निर्धारण गरेर 2025 सम्ममा विद्यालय र उच्च शिक्षा प्रणाली मार्फत जनसांख्यिकीय लाभांश 50% सम्मका लागि प्राप्त गराउन सक्छ।

क. व्यावसायिक शिक्षालाई चरणबद्ध रूपमा अर्को दशकसम्ममा **सबै शैक्षिक संस्थाहरूमा एकीकृत** गरिने छ। फोकस क्षेत्रहरूमा प्राविधिक र व्यावसायिक शिक्षा सीपको अन्तराल विश्लेषण र स्थानीय अवसरहरू नक्साङ्कनको आधारमा लक्ष्यको ठुलो अंश हुनेछन्। राष्ट्रिय व्यावसायिक शिक्षा एकीकरण समितिले उपरोक्त प्रयासहरूको निरीक्षण गर्नेछ।

ख. यसको समक्रमण शैक्षिक संस्थाहरू बीचको **सहभागिता** तथा प्राविधिक संस्थाहरू र उद्योग, एकीकरणका लागि छुट्टै कोषका माध्यमको सहजीकरण हुनेछ।

ग. **राष्ट्रिय सीप योग्यता प्रारूप** प्रत्येक विषय/व्यावसाय/पेशाहरूका लागि थप विस्तृत गरिने छ। यसबाहेक, भारतीय मानकहरूसँग मेल खाने खालका अन्तर्राष्ट्रिय मानकद्वारा बनाइएका व्यवसायहरूको अन्तर्राष्ट्रिय मानक वर्गीकरण श्रम सङ्गठन प्रारूपले सबैभन्दा **पहिले पहिचानको** आधार प्रदान गर्ने छ। यससँगै, आफ्नो व्यवहारिक अनुभवको औपचारिक प्रणालीका प्रयोगात्मक ड्रपआउटहरूलाई पुनः प्रारूपका स्तरसँग एकीकृत गरिने छ। प्रारूपले सामान्य र व्यावसायिक शिक्षामा गतिशिलताको सुविधा पनि दिने छ।

घ. निम्न **स्नातक तहमा** व्यावसायिक शिक्षामा **सहभागिता 2030-35 को क्षमतालाई** 50% ले बढाइने छ। उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूले आफ्नो वा उद्योगसँगको साझेदारीमा व्यावसायिक शिक्षा प्रस्ताव गर्न सक्छन्।

ङ. **मोडेलहरू व्यावसायिक शिक्षा र प्रशिक्षण** उद्योगहरूको साझेदारीमा उच्च शिक्षा सम्बन्धी संस्थाहरूबाट परीक्षण पनि गर्न सकिनेछ।

**1. 'लोक विद्या ',** भारतमा विद्यार्थीका ज्ञानको पहुँचको विकास एकीकृत रूपमा व्यावसायिक शिक्षा पाठ्यक्रम मार्फत गरिने छ।

## ३. वयस्क शिक्षा

**उद्देश्य:** 2030 सम्ममा युवा र वयस्कको साक्षरता दर 100% **पुऱ्याउन** निरन्तर शिक्षा कार्यक्रमहरू महत्त्वपूर्ण रूपमा विस्तार गरिने छ।

साक्षरता र आधारभूत शिक्षामा व्यक्ति, नागरिक, आर्थिक र जीवन पर्यन्त शिक्षामा सहभागी भई सक्षम हुने अवसरहरू प्राप्त गर्नु – प्रत्येक नागरिकको अधिकार हो। तथापि हाम्रा युवाहरूको अस्वीकार्य अनुपात र वयस्कको जनसङ्ख्या अझै निरक्षर रहेको छ।

क. वयस्क शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुपले - आधारभूत साक्षरता र संख्याको ज्ञान, जटील जीवन जिउँने सीप, व्यावसायिक सीप, आधारभूत शिक्षा र निरन्तर शिक्षालाई पाँचवटा व्यापक क्षेत्रहरूको विकास गर्नका लागि प्रयोग गरिने छ। पाठ्यपुस्तक र सिकाउने सामग्रीहरूका साथै मूल्याङ्कन र प्रमाणीकरणका लागि यस प्रारुपमा पङ्क्तिबद्ध गरिने छ।

ख. **काडर,** वयस्क शिक्षाका केन्द्र प्रबन्धकहरू र प्रशिक्षकहरूको साथै ठूलो टोली एक-एक गरी सिकाउने शिक्षकहरू, राष्ट्रिय वयस्क शिक्षा ट्यूटर कार्यक्रम मार्फत सिर्जित वयस्क शिक्षालाई सक्षम बनाउनका लागि महत्त्व दिइने छ।

ग. **मौजूदा दृष्टिकोण र कार्यक्रमहरू सामुदायिक** स्वयंसेवकहरूलाई प्रोत्साहित गरी सहभागीहरूको पहिचान गर्न लाभदायी हुनेछन्– समुदायका प्रत्येक साक्षर सदस्यलाई कम्तीमा पढ्न सक्ने बनाउनु संस्थाको मुख्य रणनीति हुनेछ। **बृहद मात्रामा सार्वजनिक जागरूकता** उत्पन्न गरी **महिला साक्षरतामा** विशेष जोड दिईनेछ।

## ४. भारतीय भाषाहरूको प्रचार

**उद्देश्य:** सबै भारतीय आदर्श भाषाहरूको संरक्षण र बृद्धि सुनिश्चित गर्ने।

सबै भारतीय भाषाहरूलाई उपयुक्त आदर दिइएको छ त्यसरी नै आदिवासी भाषाहरूको संरक्षणबाट पनि प्रत्येक क्षेत्रको संस्कृति र परम्पराहरूको सही समावेशीकरण र संरक्षण तथा विद्यार्थीहरूका सबै सही बुझाइहरू विद्यालयहरूमा मात्र पाउन सकिन्छ। यसैले भारतको साहित्य र सबै भाषाहरू सुरक्षित राख्न महत्त्वपूर्ण छ ।

क. भारतीय भाषामा भाषा, साहित्य, वैज्ञानिक शब्दावली मार्फत गहकिला भारतीय भाषाहरू,देशका साहित्यिक कार्यक्रम,शिक्षकको नियुक्ति र सङ्काय, केन्द्रीत अनुसन्धान र शास्त्रीय भाषाहरूमा ध्यान केन्द्रित गरिने छ।

ख. मौजूदा राष्ट्रिय संस्थाहरूलाई शास्त्रीय भाषा र साहित्यको प्रचारका लागि बलियो बनाइने छ। पाली, फारसी र प्राकृत भाषाहरूको राष्ट्रिय संस्था पनि स्थापित गरिने छ।

ग. वैज्ञानिक र प्राविधिक शब्दावलीका लागि आयोगको जनादेश मार्फत अर्थात् देशभरि समान शब्दावलीको प्रयोगको विकास र पूर्ण रूपमा सबै **विषय** र क्षेत्रहरू समावेश गरी बृहद रूपमा विस्तार गरिने छ र भौतिक विज्ञानहरू मात्र नभई सबै विषयहरूलाई नवीकरण गरिने छ।

# राष्ट्रिय शिक्षा आयोग

## १. शैक्षिक परिवर्तन: राष्ट्रिय शिक्षा आयोग

**उद्देश्य:** भारतको शिक्षा प्रणालीको सन्तुलनशील कार्य र सबै स्तरमा समान उत्कृष्टता प्रदान गर्न, दृष्टिदेखि कार्यान्वयनसम्म सबैलाई नयाँ **राष्ट्रिय शिक्षा आयोगले नेतृत्व गर्ने।**

भारतीय शिक्षा प्रणालीलाई प्रेरणादायक नेतृत्व चाहिन्छ जसले कार्यान्वयनको उत्कृष्टता सुनिश्चित गर्नेछ।

क. प्रधानमन्त्रीको अध्यक्षतामा एक शीर्ष निकायको रूपमा राष्ट्रिय (Rashtriya Shiksha Aayog) शिक्षा आयोगको रूपमा गठन गरिने छ।

ख. केन्द्रीय शिक्षा मन्त्री दैनिक कामका लागि प्रत्यक्ष जिम्मेवारीका साथ उपस्थित हुनेछन्।

ग. **आयोगमा** प्रख्यात शिक्षाविद्हरू,अनुसन्धानकर्ताहरू, संघीय मन्त्रीहरू, राज्यका मुख्य मन्त्रीहरू र विभिन्न क्षेत्रका प्रख्यात प्रोफेसरहरूको प्रतिनिधित्व हुनेछ। आयोगका सबै सदस्यहरू उच्च विशेषज्ञता र रेकर्ड, आफ्नो सार्वजनिक क्षेत्रहरूमा योगदान प्राप्त गरेका, अकल्पनीय अखण्डता र स्वतन्त्रताको ज्ञान भएका व्यक्तिहरू हुनेछन्।

घ. यो **आयोग** भारतमा शिक्षाको संरक्षक हुनेछ। यसले हाम्रो समाजको विविधतालाई पोषण प्रदान गर्दै शिक्षाको एकीकृत राष्ट्रिय दृष्टिकोणको समर्थन गर्दछ। यसले राष्ट्रिय, राज्य र संस्थागत तहका सबै सम्बन्धित अभिनेताहरू, नेताहरूबाट प्रभावकारी, समक्रमित दृष्टिकोण र कार्यलाई सहयोग पुर्‍याउँछ।।

ङ. आयोगले सिनर्जी र समन्वय सुनिश्चित गर्न **हरेक राज्यसँग राम्रोसँग काम** गर्ने छ। राज्यहरूले शिक्षाका लागि शीर्ष राज्य स्तरका निकायहरू गठन गर्न सक्छन जसलाई राज्य शिक्षा आयोग भन्न सकिन्छ।

# वित्त सम्बन्धी शिक्षा

## १. वित्त सम्बन्धी शिक्षा

क. यो नीतिले शैक्षिक लगानी बढाउने प्रतिबद्धता गर्दछ किनभने यसले समाजमा शिक्षाको लगानी राम्रो नहुँदा समग्रमा समाजमा लाभ बढ्छ भन्ने कुरा विश्वास गर्दैन।

ख. त्यसकारण, यस नीतिअनुसार **शिक्षामा सार्वजनिक,केन्द्रीय सरकारका साथै सबै राज्य सरकारहरूले 10 वर्षको अवधिमा 20% भन्दा बढी लगानी बढाउँछन्**।

झ. वञ्चित र अल्प विकसित समूहहरूका लागि उच्च स्तरको शिक्षा सुनिश्चित गर्न सबै पहलहरूका लागि शिक्षा संसाधन, विद्यार्थी सुरक्षा र कल्याण, पोषण समर्थन, पर्याप्त कर्मचारी, शिक्षक विकास र समर्थन जस्ता महत्त्वपूर्ण तत्वहरूका लागि वित्तीय समर्थन सम्झौता गरिने छैन।

ञ. यस नीतिले शिक्षा क्षेत्रमा निजी परोपकारी गतिविधिलाई कायाकल्प, सक्रिय पदोन्नति र समर्थनका लागि आह्वान गर्दछ। कुनै पनि शैक्षिक प्रयासका लागि नाफामुखी संस्थामा सबै सार्वजनिक उत्साहित कोष अवस्थित संस्थाहरूका महत्त्वपूर्ण आवश्यकताहरूतर्फ परिवर्तन गरिने छ।

ट. एक-पटकको खर्चको अतिरिक्त, मुख्य आधारभूत संरचना र सम्बन्धित स्रोतहरूलाई यस नीतिले निम्न **कुञ्जी जोडिएका क्षेत्रहरू**लाई पहिचान गर्दछ : ( i ) पूर्बबाल्यावस्थाको शिक्षाको विस्तार र सुधार, (ii) आधारभूत साक्षरता संख्या र सुनिश्चितता (iii) स्कूल परिसरहरूको उपयुक्तता र स्रोतहरूको पर्याप्तता (iv) खाना र पोषण (नाश्ता र दिवा खाना), (v) शिक्षक शिक्षा र शिक्षकहरूको व्यावसायिक विकासमा निरन्तरता, (vi) महाविद्यालय र विश्वविद्यालयहरू पुनर्निर्माण र (vii) अनुसन्धान।

**ठ.** प्रशासन र व्यवस्थापनले राम्रो सम्भावना, समय र उपयुक्त कोष, सशक्तिकरण र संस्थाहरूको स्वायत्तता, व्यक्तिको नियुक्ति,नेतृत्वदायी भूमिका, र प्रबुद्ध निरीक्षण तिनीहरूको प्रयोगमा केन्द्रित हुनेछ।

**ड.** **शिक्षा**को **व्यावसायिकरणको** बिषय मार्फत नीतिद्वारा धेरै प्रासंगिक लिपीहरूलाई ‘ हल्का तर कडा’ नियमन विधि समावेश गरी सार्वजनिक शिक्षामा पर्याप्त लगानी र पारदर्शी सार्वजनिक प्रकटीकरण सहित सुशासनको संयन्त्रको व्यवहार गरिएको छ।

## २. अग्र दिशा

यस नीतिले विभिन्न **निकाय,** टाइमलाइन र योजनाहरूको साथमा प्रमुख कार्यहरूको उल्लेख गर्दछ। यो नीतिलाई पुन: संशोधनको योजना बनाई प्रयोग गर्नका लागि आफ्नो शिक्षा र योजनाको समन्वयको माध्यमबाट उत्साहका साथ कार्यान्वयन गरिरहेको छ।

*मानव जातिको हरेक युगमा अघिल्लो पुस्ताले सृष्टि गरेको ज्ञानको राशिलाई प्रतिनिधित्व गर्दछ, जसलाई वर्तमान पिढीले थप्ने कार्य गर्दछ।*

*मोवियसको आकृतिले जीवन्त प्राकृतिक ज्ञानको सदैव प्रतिनिधित्व गर्दछ- जसको कुनै प्रारम्भ र अन्त्य छैन।*

*यस नीतिले सिर्जना, प्रसारण र प्रयोगको अवलोकन गरी यसलाई निरन्तरताको एक भागको रूपमा ज्ञानको प्रसार गर्दछ।*

